# लेखापरीक्षण प्रतिवेदन

# पिपरा गाउँपालिका, महोत्तरी

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# पिपरा गाउँपालिका, महोत्तरी

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/778

श्रीमान् अध्यक्षज्यू,
पिपरा गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, महोत्तरी।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( तारा प्रसाद पाण्डे )
नायब महालेखापरीक्षक

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/778

मिति : २०८३-१-२९

श्रीमान् अध्यक्षज्यू ,

पिपरा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

महोत्तरी।

**विषयः रायसहितको लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस पिपरा गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ मसान्त सम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष, लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु.१ अर्व २८ करोड ८८ लाख ७४ हजारको लेखापरीक्षणबाट रु. ६ करोड ३१ लाख २५ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु. १करोड ८७ लाख ४८ हजार प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ९२ लाख ६७ हजार, नियमित गर्नुपर्ने रु. ७५ लाख ८९ हजार र पेश्की बाँकी रु. १ करोड ७५ लाख २२ हजार गरी जम्मा रु. ६ करोड ३१ लाख २५ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ९३ करोड ४८ लाख ९७ हजार मध्ये रु. ४ लाख ६४ हजार फस्र्यौट भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.९९ करोड ७५ लाख ५८ हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६६ | १०९ | ६,३१,२५,४०१ | ० | ० | ० | ० | ६६ | १०९ | ६,३१,२५,४०१ | १,८७,४७,८९६ | ७५,८८,९४९ | १,९२,६६,८०६ | ० | ० | २,६८,५५,७५५ | १,७५,२१,७५० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| महोत्तरी | ९३,४८,९६,६९६ | ० | ४,६३,८५५ | ९३४४३२८४१ | ० | ६,३१,२५,४०१ | ९९७५५८२४२ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ३२ र ६१ | भ्रमण आदेश स्वीकृत बेगर भुक्तानी र राजस्व दाखिला | ८८,६५३ |
| २ | २०७७/७८ | 70 | भुक्तानीमा कर | ९,६०२ |
| ३ | २०७७/७८ | २१ | पेश्की बाँकी | २,००,००० |
| ४ | २०७७/७८ | ३८.1 र ३८.5 | दैनिक भ्रमण र अनुगमन भत्ता भुक्तानी | १,६५,६०० |
| जम्मा | | | | ४,६३,८५५ |

# पिपरा गाउँपालिका, महोत्तरी

# ( ८०२१८५०३३०० )

# पिपरा गाउँपालिका , महोत्तरी

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय:** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु स्थानीय तहमै उपलव्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक, आर्थिक तथा भौतिक क्रियाकलापहरु संचालन गर्नु यस नगरपालिकाको मुख्य उद्देश्य छ । यस पिपरा गाउँपालिकामा ७ वटा वडा कार्यालयहरु रहेका छन भने यस पालिकाको क्षेत्रफल ३९.५८ वर्ग कि. मी. र जनसङ्ख्या ४०५३५ जना रहेको छ ।२०७३ सालमा स्थापना भई संचालनमा रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।०२ देखि २०८२।०८।०६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्ययतर्फ रु.१ अर्व २८ करोड ८८ लाख ७३ हजार ६५१.६८, को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

| एकिकृतआय-व्यय विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| आर्थिक वर्ष २०८१/०८२ | | | | | | |
| आय तर्फ | | | व्यय तर्फ | | | |
| सि.नं. | विवरण | रकम | सि.नं. | विवरण | रकम | |
| १ | **गत वर्षको जिम्मेवारी** | ६५७८५१३२.०० | १ | **चालु खर्च** | | २८९१०११४४.३६ |
| | (क) नगद | ०.०० | | | १०८९९५८७७.९१ | |
| | (ख) बैंक (अनुसची १अनुसार) | ३३६३०१३९.४१ | | | १८०१०५२६६.४५ | |
| | (ग) धरौटी बैंक | २२७८६७३४.०७ | | **प्रदेश सरकारबाटहस्तान्तरित-चालु** | ०.०० | |
| | (घ) विविध खर्च खाताबैंक | ५४१३१५७.९१ | २ | **पुँजिगत खर्च** | | १४८६७८९५३.७२ |
| | (ङ) विविधकोष खाताबैंक | ३३२९१८०.४९ | | पिपरा गाउँकार्यपालिका-पुँजिगत | १३५१७६६४७.४८ | |
| | (च) प्रकोपव्यवस्थापनकोष खाता बैंक | ६२५९२०.१२ | | संघीय सरकारबाटहस्तान्तरित-पुँजिगत | १०५०९२१९.०८ | |
| २ | **संघीय वित्तियहस्तान्तरण** | २९७६९८४०५.५३ | | प्रदेश सरकारबाटहस्तान्तरित-पुँजिगत | २९९३०८७.१६ | |
| | (क) वित्तिय समानीकरणअनुदान | १०७०८३९२०.०० | ३ | **विषयगत खर्च** | | १९३२७४००८.११ |
| | (ख) सशर्त अनुदान | १८७६१४४८५.५३ | | (क) सामाजिक सुरक्षातथा संरक्षण | १५९४४५२३०.०० | |
| | (ग) समपुरक अनुदान | ३००००००.०० | | (ख) स्वास्थ्य क्षेत्रसुधार कार्यक्रम | १४९९४३६९.२० | |
| | (घ) विशेष अनुदान | ०.०० | ४ | **(ग) राष्ट्रपतिशैक्षिक सुधार कार्यक्रम** | ५७१११५.५६ | |
| ३ | **प्रदेश सरकारबाटप्राप्त हस्तान्तरण** | १३४२१०८७.१६ | | **(घ) स्थानीय तहप्रशासकीय भवन पूर्वाधार कार्यक्रम** | १८२६३२९३.३५ | |
| | (क) वित्तिय समानीकरणअनुदान | ८४२८०००.०० | ४ | **कोष तथा विविध** | | ६४४७८७९.६० |
| | (ख) सशर्त अनुदान | ०.०० | | (क) सूचना प्रविधिकोतलव वापत प्राप्त | ३६६०३६.४० | |
| | (ग) समपुरक अनुदान | २००००००.०० | | (ख) Wash Plan | २५२९८८.७० | |
| | (घ) विशेष अनुदान | २९९३०८७.१६ | | (ग) सडकबोर्ड | ६२००००.०० | |
| ४ | **विषयगत निकासा रकम** | १९३२७४००८.११ | | (घ) दीर्घरोग उपचारखर्च | १२६५०००.०० | |
| | (क) सामाजिक सुरक्षातथा संरक्षण | १५९४४५२३०.०० | | (ङ) कन्टिन्जेन्सीवापत | २५६६१२२.०० | |
| | (ख) स्वास्थ्य क्षेत्रसुधार कार्यक्रम | १४९९४३६९.२० | | (च) भैपरी विविध | १३७७७३२.५० | |
| | (ग) राष्ट्रपतिशैक्षिक सुधार कार्यक्रम | ५७१११५.५६ | ५ | **विविधकोष खातामा खर्च** | | ३२९७०३.०० |
| | (घ) स्थानीय तहप्रशासकीय भवन पूर्वाधार कार्यक्रम | १८२६३२९३.३५ | | कर्मचारी कल्याणकोष | ३२९७०३.०० | |
| ५ | **आन्तरिक आय** | ११४८३८५३२.६३ | ६ | **धरौटी फिर्ता** | | १६५८६३६३.८१ |
| | (क) आन्तरिक राजश्व | २०२७३६२०.७४ | ७ | **बैंक मौज्दात बाँकी** | | ४५८२२६७८.८९ |
| | (ख) संघीय राजश्वबाँडफाँड | ८३३१९८०२.६० | | (क) धरौटी बैंकमौज्दात | १७११७९५६.९० | |
| | (ग) प्रदेश राजश्वबाँडफाँड | ६६११८८२.२९ | | (ख) संचितकोष बैंकमौज्दात | २१८०८०६६.६५ | |
| | (घ) मालपोतरजिष्ट्रेशन बाट | ४६३३२२७.०० | | (ग) विविधकोष खाताबैंक | २९९९४७७.४९ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्राप्त | | | | | |
| ६ | **अन्य आय** | ४३०५९७९.४२ | | (घ) प्रकोपव्यवस्थापनकोष खाता बैंक | ६२५९२०.१२ | |
| | (क) सूचना प्रविधिकोतलव वापत प्राप्त | ४३६५०१.०० | | (ङ) विविध खर्च खाता | ३२७१२५७.७३ | |
| | (ख) Wash Plan | २५२९८८.७० | | | | |
| | (ग) सडकबोर्ड | ६२७०६१.०० | | | | |
| | (घ) दीर्घरोग उपचारखर्च | १२६५०००.०० | | | | |
| | (ङ) कन्टिन्जेन्सीवापत | १७२४४२८.७२ | | | | |
| | विविधकोष खातामाप्राप्ती | ०.०० | | | | |
| ७ | **धरौटी प्राप्ती** | १०९१७५८६.६४ | | | | |
| | **जम्मा** | **७००२४०७३१.४९** | | **जम्मा** | | **७००२४०७३१.४९** |

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** स्थानीय तहको राजस्व संकलन हुन बाँकी रकम रु.४०२६५३ असूली भइ स्थानीय सञ्चितकोषको राजश्व खाता ग १/१ दाखिला भइ सोको प्रमाण पेश भएको छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत वित्तीय प्रतिवेदन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छ ।

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ति रभुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
| क्र.स./ आर्थिकसङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | नगद | जम्मा | नगद | जम्मा |
| ११००० | कर | १०,२२,६५,६६२.०९ | १०,२२,६५,६६२.०९ | ९,५१,७२,२४७.७८ | ९,५१,७२,२४७.७८ |
| १३००० | अनुदान | ३१,११,१९,४९२.६९ | ३१,११,१९,४९२.६९ | २९,४०,५९,७४६.९० | २९,४०,५९,७४६.९० |
| १४००० | अन्य राजस्व | १,१३,७३,५९३.९१ | १,१३,७३,५९३.९१ | ५७,१७,११५.३२ | ५७,१७,११५.३२ |
| १५००० | विविध प्राप्ति | ४,७९,४०४.३६ | ४,७९,४०४.३६ | १६,२७,२४३.०० | १६,२७,२४३.०० |
| क | कुल जम्मा प्राप्ति | ४२,५२,३८,१५३.०५ | ४२,५२,३८,१५३.०५ | ३९,६५,७६,३५३.०० | ३९,६५,७६,३५३.०० |
| ३ | चालु | २८,९१,०१,१४४.३६ | २८,९१,०१,१४४.३६ | ३१,००,३५,७४९.५७ | ३१,००,३५,७४९.५७ |
| २१००० | पारिश्रमिक / सुविधा | १७,३३,१२,०५६.३५ | १७,३३,१२,०५६.३५ | १४,७५,०८,५९६.८२ | १४,७५,०८,५९६.८२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ८,८६,५२,३५६.६५ | ८,८६,५२,३५६.६५ | १०,८०,३४,७१७.६५ | १०,८०,३४,७१७.६५ |
| २५००० | सहायता (Subsidy) | १,६०,५१,२८८.३६ | १,६०,५१,२८८.३६ | ० | ० |
| २६००० | अनुदान | ० | ० | १३,००,०००.०० | १३,००,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | ६२,३६,०९७.०० | ६२,३६,०९७.०० | ९४,७२,१४५.०० | ९४,७२,१४५.०० |
| २८००० | अन्य खर्च | ४८,४९,३४६.०० | ४८,४९,३४६.०० | ४,३७,२०,२९०.१० | ४,३७,२०,२९०.१० |
| ४ | पूंजीगत | १४,८६,७८,९५३.७२ | १४,८६,७८,९५३.७२ | २०,१६,६२,४४५.०० | २०,१६,६२,४४५.०० |
| ३१११० | भवन तथा संरचना | १,१६,८६,२५१.८६ | १,१६,८६,२५१.८६ | ९०,८१,७५२.०० | ९०,८१,७५२.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | २७,४७,३६९.४० | २७,४७,३६९.४० | १,०४,९९,९८९.०० | १,०४,९९,९८९.०० |
| ३११४० | सुरक्षा उपकरण | ९,८०,०००.०० | ९,८०,०००.०० | ० | ० |
| ३११५० | सार्वजनिक निर्माण | १३,३२,६५,३३२.४६ | १३,३२,६५,३३२.४६ | १८,२०,८०,७०४.०० | १८,२०,८०,७०४.०० |
| ख) | कुल जम्मा भुक्तानी | ४३,७७,८०,०९८.०८ | ४३,७७,८०,०९८.०८ | ५१,१६,९८,१९४.५७ | ५१,१६,९८,१९४.५७ |
| ग) | बचत /कमी (ग = क-ख ) | (१,२५,४१,९४५.०३) | (१,२५,४१,९४५.०३) | (११,५१,२१,८४१.५७) | (११,५१,२१,८४१.५७) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | (८०,७५,१६५.३५) | (८०,७५,१६५.३५) | ९३,४६,००७.२९ | ९३,४६,००७.२९ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१,४८,७८१.०५) | (१,४८,७८१.०५) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (२,०६,१७,११०.३८) | (२,०६,१७,११०.३८) | (१०,५७,७५,८३४.२८) | (१०,५७,७५,८३४.२८) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ६,६८,८८,५३२.४२ | ६,६८,८८,५३२.४२ | १७,२६,६४,३६६.७० | १७,२६,६४,३६६.७० |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ४,६२,७१,४२२.०४ | ४,६२,७१,४२२.०४ | ६,६८,८८,५३२.४२ | ६,६८,८८,५३२.४२ |

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले आर्थिक कारोवार लेखा राख्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही

प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१५९४४५२३०, राष्ट्रपति शैक्षिक सुधार तर्फ रु.५७१११६, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम तर्फ रु.१४९९४३६९.२० र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम तर्फ रु.१८२६३२९३ गरी जम्मा रु.१९३२८१९८८ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले नगरपालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ ।

२.२ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरेकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.११०३४००.४२ यस वर्षको प्राप्ति रु.१९३९२८६६५.३८ यस वर्षको भुक्तानी रु.१९३२७४००८.११ र बैङ्क मौज्दात रु.४४८७४३.१५ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षकोजिम्मेवारी | यसवर्षकोप्राप्ति | यसवर्षकोभुक्तानी | बैङ्कमौज्दात |
|---|---|---|---|---|
| सुत्रअनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ६६८८८५३२.४२ | ४४०५२६९३४.११ | ४६११४४०४४.४९ | ४६२७१४२२.०४ |
| एकीकृतआर्थिक विवरणअनुसार | ६५७८५१३२ | ६३४४५५५९९.४९ | ६५४४१८०५२.६ | ४५८२२६७८.८९ |
| फरक | ११०३४००.४२ | १९३९२८६६५.३८ | १९३२७४००८.११ | ४४८७४३.१५ |

२.३ **सशर्त अनुदान फिर्ता** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (मलेपफानं २७५) को अनुसूची १२ मा फिर्ता गर्न बाँकी अनुदान संघीय सशर्त तर्फ रु.२०००००० देखाएकोमा पालिकाले हालसम्म पनि सो रकम फिर्ता गर्न बाँकी देखिएकोले सो रकम फिर्ता गरी हिसाब फरफारक गर्नुपर्ने रु.

| अनुदानकोबिवरण | कुल प्राप्ति | कुल खर्च रकम | संघ/प्रदेशमाफिर्ता | बाँकि रकम |
|---|---|---|---|---|
| १३३१२ शसर्तअनुदान चालु | २११०५९९५०. | १८०१०५२६६.४५ | ३०९५४६८३.५५ | ० |
| १३३१३ शसर्तअनुदान पुँजीगत | ९००००००. | ७५०९२१९.०८ | १४९०७८०.९२ | ० |
| १३३१७ समपुरकअनुदान पुँजीगत | ३००००००. | ३००००००. | ० | ० |
| १३३१३ शसर्तअनुदान पुँजीगत | ८००००००. | ० | ८००००००. | ० |
| १३३१४ विषेशअनुदान चालु | ३००००००. | २९९३०८७.१६ | ६,९१२.८४ | ० |
| १३३१७ समपुरकअनुदान पुँजीगत | २००००००. | ० | ० | २००००००. |
| जम्मा | २३६०५९९५०. | १९३६०७५७२.६९ | ४०४५२३७७.३१ | २००००००. |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,००,००० |

२.४ **खर्च बिश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आय रु. २ करोड ७ लाख २२ हजार ३६४, राजस्व बाँडफाँड रु.१३ करोड ५४ लाख १२ हजार ५१६ र अनुदानबाट रु.३० करोड २३ लाख ६७ हजार ५८१ समेत रु.४५ करोड ८५ लाख २ हजार ४६१ आम्दानी भएकोमा चालुतर्फ रु. २८ करोड ९१ लाख ०१ हजार १४४ र पुँजीगततर्फ रु. करोड १४ करोड ८६ लाख ७८ हजार ९५३ गरि जम्मा रकम रु.४३ करोड ७७ लाख ८० हजार ९० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालु तर्फ ६६ प्रतिशत र पूँजिगत तर्फ ३४ प्रतिशत मात्र खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२.५ **क्षेत्रगत बजेट तथा खर्च** - स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०८१।०८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।लक्ष्य अनुसार खर्च गरी पूर्वाधार विकास गर्न पालिकाले ध्यान दिनु पर्दछ ।

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८२/०३/३२ | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | कुल आधारमा खर्च प्रतिशत | विनियोजनको आधारमा खर्च प्रतिशत |
| १ | आर्थिकविकास | ३६६८४५०७ | १६१७२३७८.०१ | ४ | ४४.०९ |
| २ | सामाजिकविकास | ३००९८९६८६ | २०३५६०९८१.५६ | ४७ | ६७.६३ |
| ३ | पूर्वाधारविकास | २६३७२५०२६ | १२४३८५४०४.४५ | २९ | ४७.१६ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | ११५५०३० | २३९००० | ०.०५ | २०.६९ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १३५८८२७११ | ९०४२२३३४.०६ | २१ | ६६.५४ |
| कुलजम्मा | | ७३८४३६९६० | ४३४७८००९८.०८ | १०० | ५८.८७ |

पालिकाको कुल खर्चको आधारमा सबैभन्दा कम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा खर्च भएको देखिन्छ भने सबै भन्दा बढी खर्च सामाजिक विकास क्षेत्रमा भएको पालिकाको सुत्रको विवरणबाट देखिन्छ ।

२.६ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ६७७८५१३२ मौज्दात रहेकोमा यो वर्ष रु.६६८८८५३२ जिम्मेवारी सारेको छ ।पालिकाले आर्थिक वर्ष २०८०।०८१ को अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुसार रकम रु.८९६६०० घटी जिम्मेवारी सारेको देखिन्छ । त्यस्तै, पालिकाको सुत्र अनुसारको एकीकृत आय व्यय विवरण म.ले.फा. नं २७०-१ अनुसार आर्थिक वर्ष २०८०।०८१ को अन्तिम मौज्दात रु. ६६८८८५३२.४२ रहेकोमा यो वर्ष पालिकाले सुत्रअनुसारको अन्तिम मौज्दात रकम रु.६६८८८५३२.४२ नै जिम्मेवारी सारेको देखिएकोले लेखापरीक्षण प्रतिवेदन र सुत्रको मौज्दात बिच यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.७ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| **बैंक तथा नगद मौज्दात** | | | | |
|---|---|---|---|---|
| खाताको प्रकार / बैंकको नाम (खाता नं) | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक | कैफियत |
| ग २.७ - विविध खर्च खाता / एभरेष्ट बैंक लि., ०६२००१०६२०००१३-१ | ३२७१२५७.७३ | ३२७१२५७.७३ | ० | |
| ग ३.१ - स्थानीय तह धरौटी खाता / एभरेष्ट बैंकलि., ०६२००१०६२००००२ | १७११७९५६.९ | १७११७९५६.९ | ० | |
| ग ४.१ - स्थानीय तह सञ्चित कोष खाता / एभरेष्टबैंक लि., ०६२००१०६२००००३ | २१८०८०६६.६५ | २१८०८०६६.६५ | ० | |
| ग ५.१ - स्थानीय तह विविध कोष खाता / एभरेष्ट बैंकलि., ०६२००१०६२०००१७ | २९९९४७७.४९ | ३१९९४७७.४९ | २००००० | बैंक बढी |
| ग ७.२ - स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता /एभरेष्ट बैंक लि., ०६२००१०६२०००१५-२ | ६२५९२०.१२ | ६२५९२०.१२ | ० | |
| जम्मा | ४५८२२६७८.८९ | ४६०२२६७८.८९ | | |

स्थानीय तह विविध कोष खातामा रु.२००००० बैंक स्टेटमेन्ट अनुसार फरक परेको देखिएकोले यकिन गर्नुपर्ने देखिन्छ । श्रेष्ता र बैंकबिच रकम फरक पर्न गएको कारण पत्ता लगाई पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबिच हिसाब मिलान गरी बैकमा बढी भएको रकम आम्दानी जनाउनुपर्दछ ।

२.८ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २९२३३४३३०.६९ | २०७२२३६३.८९ | ७% |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ७ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३ **बजेट तथा कार्यक्रम** -

३.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कुल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३.२ **लक्ष्य प्रगति** - कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गर्ने ब्यवस्था मिलाउनु पर्दछ ।

| कार्यक्रम/ योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५प्रतिशत सम्म | ५० प्रतिशत सम्म | ७५ प्रतिशत सम्म | ७५ प्रतिशत भन्दा माथि |
| कार्यक्रम/ योजना संख्या | २७८ | १२४ | १ | ४ | ५ | १४४ |

| शून्य प्रगति भएका केही योजनाहरु | | | | |
|---|---|---|---|---|
| सि नं | योजनाको नाम | विनियोजन | खर्च | खर्च प्रतिशत |
| १ | पिपरा ३ शिव मन्दिरमा इनार, वाउण्डरीवाल , गेट ग्रिल आदी कार्य | १००० | ० | ० |
| २ | वडा नं.६ पछियारी बिचला अधुरो धर्मशाला स्तर उन्नति | १००० | ० | ० |
| ३ | वडा नं. ५ मा शिव मन्दिर निर्माण | १००० | ० | ० |
| ४ | ५ वटा मा.बि बिधालयहरुमा बिज्ञान प्रयोगशाला निर्माण | १००० | ० | ० |
| ५ | पिपरा गा.पा ४ र महोत्तरि गा.पा १( पर्सा) बिच बिगही नदीमा झो.पु , पिपरा गा.पा ४ र महोत्तरि गा.पा १( सनोखडा) बिच बिगही नदीमा झो.पु | १००० | ० | ० |
| ६ | विद्यालयहरुमा CCTV क्यामरा जडान कार्य | ९९९ | ० | ० |
| ७ | पालिकाको विभिन्न स्थानमा सि.सि.टि.भि.क्यामरा जडान | ९८४ | ० | ० |
| ८ | कृषकहरुलाई सिचाइका लागि बोडिङ्ग जडान | ९६१ | ० | ० |
| ९ | अलीपट्टी बिचला टोल अधुरो महादेव मंदिरको स्तरउन्नती कार्य | ९५३ | ० | ० |
| १० | सिलाकान्त झाको घर देखि महेशरा पोखरी सम्म र हर्दिया मेनरोड देखि विजय ठाकुरको घर सम्म बाटो स्तरउन्नती | ९४६ | ० | ० |
| ११ | पुरानो सहलेश मन्दिर पिपरा ४ | ९४६ | ० | ० |
| १२ | दनौली पुर्वारी टोलको सार्वजनिक दलानको स्तरउन्नती तथा शौचालय निर्माण | ९४१ | ० | ० |
| १३ | भोला मण्डलको घर देखि भिमा पैनी सम्म नाला निर्माण | ९२१ | ० | ० |
| १४ | विभिन्न ठाउँमा सोलर बत्ति जडान कार्य | ९०८ | ० | ० |
| १५ | सामुदायिक भवन बाउण्ड्रिवाल निर्माण पिपरा ६ रतौली | ९०५ | ० | ० |
| १६ | वडा न.१ ढेकहा महरा टोलको अधुरो धर्मशाला निर्माण | ९०० | ० | ० |
| १७ | स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | ९०० | ० | ० |
| १८ | सुकुम्वासी वस्तीको अधुरो भवन निर्माण | ८८४ | ० | ० |
| १९ | वडा कार्यालयको स्तरउन्नती | ८६१ | ० | ० |
| २० | वडाको विभिन्न ठाउँमा स्ट्रिट लाईट, टावर लाईट जडान कार्य | ८५९ | ० | ० |
| २१ | विन्देश्वर यादवको घर देखि सुदो मुखियाको घर हुँदै लक्ष्मी साहको घर सम्म र विशेश्वर मुखियाको घर हुँदै जुलुम मुखियाको घर सम्म र कमरुदी कवारीको घर देखि सेनी कवारीको घर सम्मको सडक स्तरउन्नती | ८५८ | ० | ० |
| २२ | विभिन्न गल्लीहरु (किशुन दासको घर देखि जोगीन्द्र दासको घर सम्म चन्दे दासको घर देखि लक्ष्मी दासको घर सम्म) | ८४८ | ० | ० |
| २३ | वडा न.३ दिदिया पौखरीमा रहेको अधुरो धर्मशाला निर्माण | ८०० | ० | ० |
| २४ | वडा न.२ अतराढ खत्वे टोलमा धर्मशाला निर्माण | ८०० | ० | ० |
| २५ | वडा न.३ श्री आदर्श नवयुवक पुस्तकालयको अधुरो भवन स्तर उन्नति | ८०० | ० | ० |
| २६ | वडा न.५ सहोडवा अधुरो दास धर्मशालाको स्तर उन्नति | ८०० | ० | ० |
| २७ | वडा नं.६ राम अनुग्रह मण्डल देखी देब शरान हाथी को घर सम्म सडक स्तर उन्नति | ८०० | ० | ० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २८ | वडा न.५ सहोडवा वडा कार्यालयको छेउमा रहेको पार्कको स्तर उन्नति | ८०० | ० | ० |
| २९ | खैरबा कबरस्थानको स्तरन्नति | ८०० | ० | ० |
| ३० | आधारभूत विद्यालय एकरहियाको अधुरो भवन निर्माण | ७६६ | ० | ० |
| ३१ | बौधीमाई मन्दिर सौन्दर्यकरण वडा नं. ६ रतनपुर | ७६६ | ० | ० |
| ३२ | दलित प्रा.वि.को गेट देखि छरकी सम्म माटो ग्रेवल | ७५२ | ० | ० |
| ३३ | कम्प्युटर तथा प्रिन्टर खरिद लगायत अन्य मेशिनरी सामान खरिद | ७०० | ० | ० |

३.३ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबिच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

३.४ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिना |
| १ | पूँजिगत | १४८६७८९५३ | १९९८२००० | २५२८१६४१ | १७९५२२०१.४२ | ८५४६३१११ | ७०४१४९४९.७३ |
| | प्रतिशत | १०० | १३.४४% | १७.००% | १२.०७% | ५७.४८% | ४७.३६% |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१४८६७८९५३ निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १९९८२०००, अर्थात १३.४४ दोश्रो त्रैमासिकमा रु.२५२८१६४१ अर्थात १७ प्रतिशत र तेश्रो त्रैमासिकमा रु. १७९५२२०१.४२ अर्थात १२.०७ प्रतिशत र चौथो त्रैमासिकमा रु. ८५४६३१११ अर्थात ५७.४८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ७०४१४९४९.७३ अर्थात ४७.३६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

३.५ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल २७८ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | २०२ | २९ | १२६ | ४७ |
| २. | वडास्तरीय | ७६ | ० | ६३ | १३ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा कमी हुने संभावना रहन्छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १५४ योजनामात्र कार्यान्वयन भई १२४ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

३.६ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०८१ को दफा २ अनुसार यस वर्ष थपघट समेत पालिकाको विशेष नगरसभाको निर्णयबाट १४४ वटा योजनाबाट घटाइ १६९ वटा योजनामा बढाएर रु.१६ करोड ७८ लाख ५४ हजार ६०३ बिभिन्न शीर्षकमा रकमान्तर गरेको छ।उक्त रकम सुरु बजेट रु. ७४ करोड १४ लाख ३६ हजार ९६० को तुलनामा २२.६४ प्रतिशत हुन आउँछ। यसरी कार्यपालिकाको पटक पटकको निर्णयवाट रकमान्तर हुने तथा आर्थिक बर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ रकमान्तर गर्ने परिपाटीमा सुधार गरी तोकिएको सीमा भित्र रहेर अति आवश्यक भए मात्र रकमान्तर गर्ने व्यवस्था हुनुपर्ने देखिन्छ ।उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

३.७ **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले चालु र पुँजीगत प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ४०४११०८६.८२ भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

३.८ **बजेट पेस, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुखले मिति २०८१।०३।०९ गते रु. ७४ करोड १४ लाख ३६ हजार ९६० बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।०३।१५ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।०३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । पालिकाले कानुनले तोकेको समयमा बजेट पेश र स्वीकृत गरी कानुनले तोकेको समयभित्र खर्चको अख्तियारी दिनुपर्दछ ।

४ **संगठन तथा कर्मचारी व्यवस्थापन** -

४.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा नगरपालिका तर्फ २९ र वडा

कार्यालय तर्फ १८ गरी जम्मा ४७ दरबन्दी स्वीकृत भएकोमा पालिका तर्फ प्रमुख प्रशासकीय अधिकृत सहित ७ जना पदपूर्ति भइ २२ रिक्त दरबन्दी रहेको देखिन्छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, शिक्षा अधिकृत सहित २२ पदहरु रिक्त रहेका छन् ।

४.२ **कर्मचारी व्यवस्था** - पालिकाले आफ्नो नियमित कार्य संचालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गरेको पाइएन । संघीय मामिता तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी अनुसारको पदपूर्ति तथा रिक्तको स्थिति देखिने गरी विवरण तयार गरेको पाइएन । रिक्त पदपूर्ति गर्न के कस्तो प्रयास भएको छ सो विवरण समेत लेखापरीक्षणको क्रममा उपल्ध हुन सकेन । रिक्त पद समयमा नै पदपूर्ति गरी दरबन्दी भन्दा बढी हुनेगरी पदपूर्ति नगरी कर्मचारी व्यवस्थापनलाई चुस्त र दुरुस्त बनाउनु पर्दछ ।

४.३ **तलबी प्रतिवेदन** - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट र निजामति कर्मचारीको तलबी प्रतिवेदन निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) मा जिल्ला स्थित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलब खर्च लेख्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक बर्षको तलबी प्रतिवेदन पारित नगरी पालिका तर्फ १६ जना कर्मचारीलाई रु. १ करोड ४८ लाख १४ हजार ६५३ र स्वास्थ्य तर्फ रु.२ करोड ५५ लाख १६ हजार ६३० कर्मचारी पारीश्रमिकमा भुक्तानी गरेको छ । तलबी प्रतिवेदन पारित नहुँदा तलव स्केल र ग्रेड भिडान गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नु पर्दछ ।

४.४ **करार सेवा** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसारपसार, सरसफाई, टेलिफोन, विद्युत र धाराको सञ्चालन तथा रेखदेख,पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैचाको सम्भार र रेखदेख टाइपिङ वा क्प्युटरटाईप जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपर्नेमा सार्वजनिक निकायको व्यक्ति फर्म संस्था वा कम्पनिसँग करार गरी सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिँदा त्यस्तो सेवाको आवश्यकता किसिम समयावधि गुणस्तर सेवा सञ्चालन विधि लाग्ने मोटामोटी खर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । सेवा प्रदायकले गरेको सेवाको अनुगमन गर्नुपर्ने व्यवस्था समेत छ । तर पालिकाले उक्त व्यवस्थाको कार्यानवयन गरेको देखिएन । त्यस्तै पालिकाले कार्य परिमाण तथा कार्य बोझ समेतको आधारमा आफैले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा आवश्यक दरवन्दी कायम समेत नगरी पालिकाले यो वर्ष २७ जना करारका कर्मचारीलाई करार सेवा शुल्कमा रु.१ करोड ६७ लाख ५० हजार ९९३ खर्च गरेको छ । लेखापरीक्षणको क्रममा करार नियुक्ति सम्बन्धी सम्झौता तथा म्याद थप सम्बन्धी कागजात पेश नभएकोले करार नियुक्ति गर्ने तथा भैरहेकालाई म्याद थप्दै जाने प्रवृतिले पालिका कोषमा व्ययभार बढ्दै जाने देखिन्छ । इनपुट मार्फत खर्च बढी रहने तर आउटपुट स्पष्ट नहुने प्रणालीको अन्त गरी करार सेवा प्रणालीलाई व्यवस्थित बनाउनु पर्दछ ।

४.५ **डोर हाजिरी** - पालिकाले डोर हाजिरी फारम नियन्त्रण खाता म ले प फा नं १७५ राख्ने गरेको छैन भने डोर हाजिरी फारममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन । यसले गर्दा आयोजनामा के कति डोर हाजिरी फारमहरु को कसकोनाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्धेश्य अनुसार काम भए नभएको यथार्थ मूल्याङ्कन गर्ने अवस्था रहेन । पेश भएका डोर हाजिर अधिकांशमा ल्याप्चे छाप मात्र रहेको , सम्बन्धित सुपरभाइजर, उपभोक्ता वा पालिकाबाट प्रमाणित समेत हुने गरेको छैन । त्यस्तै कुन अवधिको डोर हाजिर हो, मिति उल्लेख हुने नगरेकोले डोर हाजिरी नियन्त्रण खाता राखी मागफारमको आधारमा नम्बरगत रुपमा जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याङ्कन गर्ने तथा डोर हाजिर प्रमाणित गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ ।

५ **आन्तरिक नियन्त्रण प्रणाली -**

५.१

**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

५.२ **आन्तरिक लेखापरीक्षण शाखा** - प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम बढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

५.३ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ।तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुने भएकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्राणाली तयार गरी लागु गर्नु पर्दछ ।यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

**आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका केही वेहोराहरु:-**

- भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन संलग्न नगरी भ्रमण खर्च भुक्तानी गरेको,
- सबै कर्मचारीको हाजिरी विवरण विद्युतिय हाजिरी विवरणमा अध्यावधिक नगरेको,
- तलबी प्रतिवेदन पारित नगरी तलबभत्ता भुक्तानी गरेको,
- इन्धनको खर्च लेख्दा प्रयोजन खुल्ने र दुरी खुल्ने गरी लकबुक नभरेको,
- सूचना प्रकासन वापत पत्रिकालाई भुक्तानी गर्दा सिसि तथा दर उल्लेख नगरेको अवस्थामा पनि भुक्तानी दिने गरेको,
- भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण कामको उदेश्य, सम्पादित कार्यविवरण समेतको भ्रमण प्रतिवेदन संलग्न नगरि भ्रमण खर्च भुक्तानी गरेको,
- सवारी साधन मर्मत गर्दा नियमानुसार लागत अनुमान स्वीकृत गरी खर्च लेख्नुपर्नेमा सोझै भुक्तानी गर्ने गरेको,
- डोर हाजिरी विवरण प्रमाणित गरी भुक्तानी दिएको नदेखिएको,
- पालिकाले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरे तापनि जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको खाता व्यवस्थित नगरेको ,
- बिलहरु भुक्तानी दिनुभन्दा अघि भएको खर्चको विवरण र सो को प्रयोजन सम्बन्धी कागजातहरु संलग्न नगरी सिधै बिल रकमको आधारमा भुक्तानी गर्ने गरेको,
- भौतिक एवं वित्तिय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको,
- निर्माण कार्य तथा सञ्चालित भएका योजनाहरूको बिल भरपाई व्यवस्थित रुपमा नराखेको, खर्चको तेरीज तयार नगरेको,
- उपभोक्ता समितिहरुले पेश गरेको बिल भरपाईहरु मूल्याङ्कन अनुसार भए नभएको यकिन गर्ने नगरेको,
- पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा नगरेको ,
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राख्ने नगरेको ,
- सञ्चालित योजनाको सूचनापाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी नगरेको,
- सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा नगरेको,

यसर्थ

पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनका लागी आन्तरिक नियन्त्रण प्राणाली तयार गरी लागु गराउनु पर्ने देखिन्छ ।

६ **कानुन निर्माण एवं कार्यान्वयन** -

६.१ **कानून कार्यान्वयन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट उपलब्ध नमुना कानुनको आधारमा पालिकाले यस वर्ष ३ वटा कानुन निर्माण गरी लागु गरेको विवरण लेखापरीक्षणको क्रममा पेश भएको छ ।उल्लेखित कानुन स्थानीय राजपत्रमा प्रकाशन गरेको छैन ।

६.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।पालिकाले यस वर्ष न्यायिक समिति सम्बन्धि लेखापरीक्षणको क्रममा पेश भएको विवरण अनुसार १२ वटा मुद्धाहरु न्यायिक समितिबाट निर्णय भई गत विगतका वर्षहरुको मुद्धाको लगत अनुसार २५ वटा मुद्धाहरु छिनोफानो गर्न आँकी रहेको देखिन्छ । ऐन कानुनले दिएको अधिकार र जिम्मेवारीलाई कार्यान्यिवन गरी न्यायिक कार्यलाई थप प्रभावकारी बनाउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

७ **वडा कार्यालय संचालन खर्च** - नेपाल सरकार अर्थ मन्त्रालयद्वारा जारी सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. 38 मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई २५ हजार रुपैंयाभन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(1) मा जिम्मवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । निर्धारित बजेट सिलिङ्ग भित्र, कार्यालय संचालन खर्च गर्ने गरेको पाइयो। यो वर्ष १ देखि ७ वडामा वडा संचालन खर्च गरी रु.२५ लाख २० हजार खर्च गरेको छ । सम्पूर्ण खर्चको बिल भरपाई पेश गरेर सम्बन्धित वडा सचिवले सोधभर्ना मार्फत भुक्तानी लिएको तथा चिया खाजामा स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गरेको नदेखिनुको साथै वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा पालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार प्रणाली अवलम्वन गर्नुपर्दछ ।

८ **पदाधिकारी सुविधा** - मधेश प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ। तर पालिकाले यो वर्षको राजश्व बाँडफाड संघीय सरकारको स्रोतबाट पदाधिकारी सुविधा शीर्षकमा एकमुष्ट रु.१ करोड विनियोजन गरेकोमा विनियोजन गरेकोमा यो आर्थिक वर्षमा रु.१ करोड ५६ लाख खर्च गरेको छ । पालिकाले आन्तरिक आम्दानी यो आर्थिक वर्षमा रु. २ करोड ०७ लाख २२ हजार ३६३ आन्तरिक आम्दानी गरेको छ ।उक्त कानुनले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजश्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ ।

९ **सम्पत्ति उपयोग र संरक्षण** -

९.१ **जिन्सी निरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४८ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पत्ती तथा जिन्सी मालसामानको मौजुदा अवस्थामा वर्षमा कम्तीमा एक पटक आफै वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारी

वाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गराई महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । सो बमोजिम सभाले जिन्सी निरीक्षण गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । जिन्सीमा जिन्सीसँग सम्वन्धित जनशक्ति राखेको छैन । लेखापरीक्षणको क्रममा माग भएका जिन्सी मालसामन फिर्ता, सम्पत्ति खाता, जिन्सी निरीक्षण, जिन्सी सहायक खाता, सम्पत्ती/जिन्सी मालसामानको वार्षिक विवरण, मर्मत आवेदन तथा आदेश फारम, मर्मत सम्पन्न, मर्मत अभिलेख खाता भाडामा दिएको/लिएको सम्पत्ति अभिलेख किताव, सरकारी जग्गाको लगत किताव, सरकारी भवनको लगत किताव, सम्पत्ति मूल्याङ्कन जस्ता कानुनले अनिवार्य रुपमा अभिलेख राख्नुपर्ने भनि तोकेका जिन्सी अभिलेखका विवरणहरु पाम्स मार्फत तयार नगरेको तथा पालिकाले सहायक जिन्सी खाता नराखेकोले कति सामान कस्को जिम्मामा छन् सो यकिन नहुने हुँदा जिन्सीको यथार्थता सम्बन्धमा विश्वस्त हुन सकिएन। पालिकाले जिन्सी व्यवस्थापन लाई प्रभावकारी बनाउन कानुनी व्यवस्थाको कार्यान्वय गर्नुपर्दछ ।

९.२ **जिन्सी व्यवस्थापन सम्बन्धमा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका मालसामानको भुक्तानी गर्दा स्फेसिफिकेसन बमोजिम भए नभएको गुणस्तर परीक्षण गरेको छैन । अतः ती सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ ।

१० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ ।

११ **विवरण नपठाएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान,राजश्व बाँडफाँड अन्तर्गत प्राप्त रकम , आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकीकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र कोलेनिका मा पठाएको छैन ।

१२ **सेवाप्रवाहको स्थिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण देहाय बमोजिम रहेको जनाएको छ । सेवा प्रवाहमा वृद्धि गरी अभिलेखीकरण समेत गर्नुपर्दछ ।

सेवा प्रवाहको स्थिति

| | | |
|---|---|---|
| सैवाप्रवाहको स्थिति | | |
| विवरण | निवेदनदर्ता | सिफारिसभएको संख्या |
| स्वीकृत घरनक्सा दर्ता पास | | |
| **पञ्जिकरणतर्फ** | | |
| जन्मदर्ता | ९०३ | ९०३ |
| मृत्युदर्ता | ३०३ | ३०३ |
| बसाईसराई दर्ता | १५ | १५ |
| विवाह दर्ता | ३५४ | ३५४ |
| सम्बन्धविच्छेद दर्ता | ७ | ७ |
| **पूर्वाधार विकास सडक निर्माण** | | |
| कालोपत्रे सडक निर्माण | नभएको | नभएको |
| कालोपत्रे सडक मर्मत | ३०० मि | ३०० मि |
| ग्राभेल सडक निर्माण | ४ कि मि | ४ कि मि |
| सडक ढलान | ३ की मि | ३ की मि |
| कच्ची सडक | ५.५ की मी | ५.५ की मी |

१३ **चालु आ.व.को पेस्की बाँकी:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ।पालिकाको सुत्रको विवरण म.ले.प.फा.नं २११ को विवरण अनुसार गत आर्थिक वर्ष सम्म म्याद नाघेको पेश्की रु. ९ करोड ५२ लाख १९ हजार ६१३ रहेको विवरण लेखापरीक्षणको क्रममा पेस भएको छ।पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की चालु आर्थिक वर्षको फस्यौंट नभई रु.१ करोड ७५ लाख २१ हजार ७५० हजार बाँकी रहेको देखिन्छ।आ.व.२०८१।८२ को म्याद समाप्त भएको फस्यौंट गर्न बाँकी रु.

| पिपरा गाँउपालिका महोत्तरी- आ.व. : २०८१/८२ महिना : सबै | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | कर्मचारी भए पद | चालु आ. व. | | |
| | | | | | | म्याद ननाघेको रकम | फर्छ्यौटको अन्तिम म्याद | म्याद नाघेको |
| | ७६ | कोजगरा महोत्सव | रहमत कवारी | कार्यालय सहयोगी | ० | | ०८/०५/२०८१ | १००००० |
| २ | ०७/३०/२०८१ | २ | न्यायिक समितिबाट सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरु समेतको अन्तर जिल्ला अबलोकण भ्रमण | कान्ती देवी | सफाइ कर्मचारी | ० | ०९/०५/२०८१ | ३००००० |
| ३ | ११/२६/२०८१ | ४३६ | विविध कार्यक्रम खर्च | तारा प्रसाद मण्डल | सहायक चौथौ | ० | ०१/०१/२०८२ | ९६५०० |
| ४ | ११/२७/२०८१ | ४४७ | सभा सञ्चालन खर्च | तारा प्रसाद मण्डल | सहायक चौथौ | ० | ०१/०२/२०८२ | ३५०००० |
| ५ | ०२/०२/२०८२ | २०८ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | रमन कुमार राम | सहायक चौथौ | ० | ०३/०६/२०८२ | १०३२०० |
| ६ | ०२/०२/२०८२ | २०८ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) | रमन कुमार राम | सहायक चौथौ | ० | ०३/०६/२०८२ | २००००० |
| ७ | ०३/०९/२०८२ | ६३८ | सभा सञ्चालन खर्च | तारा प्रसाद मण्डल | सहायक चौथौ | | ०४/१२/२०८२ | ३००००० |
| ८ | ०३/२५/२०८२ | ३६४ | आ.व. २०८१/८२ मा नँया आँप पकेट विकास कार्यक्रम संचालन | जिबा कुमारी पासमान | सहायक | | ०४/२८/२०८२ | १२००००० |
| ९ | ०३/२५/२०८२ | ८१४ | विगही सिचाइबाट मजदुर राखी किसानको खेत सम्म पानी पुर्याउने कार्यको पारिश्रमिक | सरबिन्द्र यादव | सहायक कम्प्युटर अपरेटर | | ०४/२८/२०८२ | ५०००० |
| १० | ०३/२५/२०८२ | ८१५ | धार्मिक सांस्कृतिक प्रवर्धन कार्य | देवेन्द्र कुमार पासवान | सहायक कम्प्युटर अपरेटर | | ०४/२८/२०८२ | १७५००० |
| ११ | ०८/१३/२०८१ | ६० | भोल्ही पोखरी तथा पिपरा बजार | महतो एस | | ० | २०८२/०३/३२ | ११९००००० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | व्यस्थापन | के जी. जेभी | | | | |
| १२ | ११/२३/२०८१ | ५ | पिपरा गाउँपालिका वडा नं.५ मा कोल्डस्टोर निर्माण | इभिना - एरिका जे.भी. | | ० | १२/२९/२०८१ | २२५०००० |
| १३ | ११/२५/२०८१ | ४२८ | कक्षा ८ को बार्षिक परिक्ष संचालन | श्रवण कुमार यादव | | ० | १२/३१/२०८१ | ४९७०५० |
| जम्मा रकम रु | | | | | | | | १७५२१७५० |
| | | | | | | | पेश्की | १,७५,२१,७५० |

१४ मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ को उपनियम २ बमोजिम अन्तिम भुक्तानी दिँदा नियम १२३ को उपनियम ४ बमोजिम कट्टा गरिएको रिटेन्सन मनी रकमको पचास प्रतिशत रकम फिर्ता गर्नुपर्ने छ, बाँकी पचास प्रतिशत रकम सम्बन्धित आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेस गरे पछि भुक्तानी गर्नु पर्ने तथा आन्तरिक राजस्व कार्यालयको मिति २०७१/०७/१४ को परिपत्र अनुसार भुक्तानी गर्दा नियमानुसार कट्टी गरिएका धरौटी रकम सम्बन्धित पार्टीलाई फिर्ता दिदा मूल्य अभिवृद्धि कर समायोजन गरेका पत्र र सम्बन्धित आ.व. को कर चुक्ता प्रमाण पत्र मात्र लिई देहायबमोजिमका निर्माण व्यवसायीहरुको रु. ६८२९६१ बराबरको मूल्य अभिवृद्धि कर समायोजन पत्र बेगर धरौटी फिर्ता गरेको छ। नियमानुसार पालिकाले धरौटी फिर्ता गर्दा मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण संलग्न गरेपछि मात्र फिर्ता गर्नुपर्ने देखिएको रु

| गो.भौ.नं./ मिति | भुक्तानीपाउनेको नाम | भ्याट/ प्यान | भुक्तानीरकम |
|---|---|---|---|
| ९९-२०८१/१०/१४ | जय गोविन्द बाबा कन्सट्रक्सन | १२७४१७२४४ | १२२२०५ |
| १०१-२०८१/१०/२० | रवि निर्माण सेवा | ६१४८२३२११ | ७५३१८ |
| १०७-२०८१/१०/२२ | पञ्चधुरा निर्माण सेवा | ६१४८६९२९५ | २११६० |
| १०९-२०८१/१०/२२ | माँ गायत्री निर्माण सेवा | ६१५१७१९३९ | ४३५०० |
| १११-२०८१/१०/२२ | एस.आई. कन्सट्रक्सन | ६०८६०२४३७ | २११७३ |
| ९७-२०८१/१०/११ | मानवि कन्सट्रक्सन एण्ड कन्सलटेन्सी | ६०७४२७२६२ | ४०००० |
| ९०-२०८१/१०/०८ | जि.एस.के निर्माण सेवा | ११८०७४८०७ | ४२१२० |
| ८८-२०८१/०९/२५ | महालक्ष्मी निर्माण सेवा | ६१४८५३१५९ | १०५५६६ |
| ११०-२०८१/१०/२२ | ॐ सत्य साई कन्सट्रक्सन एण्ड जेनरल सप्लायर्स | ३०४२१२४४० | ४२८१५ |
| १३६-२०८१/११/२३ | भोलेनाथ कन्सट्रक्सन एण्ड इन्जिनियरिङ्ग कन्सलटेन्सी प्रा.लि. | ६०६५४४७२२ | २१२५८ |
| | रामसिता कन्सट्रक्सन | ६०७२८९०५१ | २१३५२ |
| १४४-२०८१/१२/०४ | आदित्य एण्ड अनुराग कन्सट्रक्सन प्रा.लि. | ६०९६३७०५८ | २४०८५ |
| १५०-२०८१/१२/११ | समृद्धि कन्सट्रक्सन | ६०८२९६५७९ | ४२७६७ |
| | पुजा कन्सट्रक्सन | २३९८२३९ | ५९६४२ |
| जम्मा रकम रु... | | | ६८२९६१ |

| प्रमाण पेश नगरेको | ६,८२,९६१ |
|---|---|

१५ **शिक्षक दरबन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं

विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| सि नं | विद्यालयको नाम | स्थायी | अस्थायी | राहत | दरबन्दी | पदपूर्ती | बिद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| १ | राष्ट्रियआधारभूत बिद्यालय अल्लिपट्टी | २ | | २ | ४ | ४ | २१४ | ५४ |
| २ | जनता आधारभूतबिद्यालय अल्लिपट्टी | ४ | | १ | ५ | ५ | १३६ | २७ |
| ३ | राष्ट्रियआधारभूत बिद्यालय ढेकहा | ३ | | २ | ५ | ५ | २८५ | ५७ |
| ४ | नेपालराष्ट्रिय जनता आधारभूत बिद्यालय ,एकराहिया ,गम्हरिया | ६ | | १ | ७ | ७ | ४०९ | ५८ |
| ५ | राष्ट्रियमाध्यमिक बिद्यालय अतराढ | १० | २ | | १२ | १२ | ५४७ | ४६ |
| ६ | दलितराष्ट्रिय आधारभूत बिद्यालय ,पिपरा | ३ | २ | ३ | ८ | ८ | ३४७ | ४३ |
| ७ | माध्यमिकबिद्यालय खैरवा | ८ | ४ | ५ | १७ | १७ | ८८७ | ५२ |
| ८ | राष्ट्रियआधारभूत बिद्यालय पिपरा -३ | १२ | | २ | १४ | १४ | ३३७ | २४ |
| ९ | माध्यमिकबिद्यालय बनौली -७ | ११ | २ | | १३ | १३ | ४४२ | ३४ |
| १० | रामनारायणअयोध्या मा बि पिपरा -४ | १९ | १ | ५ | २५ | २५ | १६२१ | ६५ |
| ११ | सरस्वतिआधारभूत बिद्यालय पिपरा-५ | | | १ | १ | १ | १२५ | १२५ |
| १२ | आदर्शमाध्यमिक बिद्यालय रतौली | १४ | | १ | १५ | १५ | ६८४ | ४६ |
| १३ | माध्यमिकबिद्यालय सहोडवा | ७ | ३ | ३ | १३ | १३ | ११६३ | ८९ |
| १४ | रामजस आधारभूतबिद्यालय रतनपुर | २ | | ३ | ५ | ५ | ४८३ | ९७ |
| १५ | ने.रा.भ.सा.आ.बिद्यालय हर्दिया ५ | ९ | २ | | ११ | ११ | ४१८ | ३८ |
| १६ | राष्ट्रियआधारभूत बिद्यालय दनौली ७ | ३ | १ | १ | ५ | ५ | १८४ | ३७ |

उक्त दरबन्दी पदपूर्ति अनुसार केहि विद्यालयमा शिक्षक कमी तथा विद्यार्थी संख्या बढी र केही विद्यालयमा शिक्षक बढी तथा विद्यार्थी संख्या कम रहेको देखिन्छ । पालिकाले आवश्यकता अनुसार शिक्षक र विद्यार्थी अनुपात मिलान गरी व्यवस्थापन गर्नु पर्ने देखिन्छ।

१६ **दिवा खाजा** - कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं. २.७.११.१ को बुंदा नं. छ र ज मा भएको व्यवस्था अनुसार सामुदायिक विद्यालयका प्रारम्भिक बालबिकासदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीका लागि प्रति दिन रु.१५ का दरले १८० दिन सम्मको दिवा खाजा वापत रकम निकासा गर्ने व्यवस्था उल्लेख छ। पालिकाले देहायका विद्यालयहरुलाई दिवा खाजा बापतको रकम निकासा गर्दा उल्लेखित व्यवस्था विपरित रकम निकासा गरेको देखिएकोले कार्यक्रम कार्यान्यिवन कार्यविधिको व्यवस्था बिपरित निकासा भएको बढी रकम सम्बन्धित विद्यालयबाट असुल उपर गर्नुपर्ने रु.

| विद्यालयको नाम | विधार्थी संख्या | निकासा भएको रकम | निकासा हुनुपर्ने रकम | बढी निकासा |
|---|---|---|---|---|
| राष्ट्रिय आधारभूत विद्यालय, अलिपट्टी | ११० | ३१८४५० | २९७००० | २१४५० |
| दारुल उलुम कादरिया मिलवाहुल मुसलेमिन अलिपट्टी | १८४ | ५०५०८० | ४९६८०० | ८२८० |
| माध्यमिक विद्यालय, सहोडवा | ४६२ | १२६८१९० | १२४७४०० | २०७९० |
| राष्ट्रिय आ.वि. दनौली | १४१ | ३८७०४५ | ३८०७०० | ६३४५ |
| माध्यमिक विद्यालय बनौली | १६९ | ४६३९०५ | ४५६३०० | ७६०५ |
| राष्ट्रिय आधारभूत विद्यालय पिपरा-३ | २९३ | ८०४२८५ | ७९११०० | १३१८५ |
| श्री ने.रा. भवानी आ.वि. हर्दिया | २८४ | ७७९५८० | ७६६८०० | १२७८० |
| जम्मा... | | ४५२६५३५ | ४४३६१०० | ९०४३५ |
| | | | असुल गर्नुपर्ने | ९०,४३५ |

१७ **छात्रवृति वितरण** - शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।०८२ को क्रियाकलाप नं ७.२.१.१ अन्तर्गत सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको लागि छात्रवृति शीर्षक अनुसार बालबालिकाको विद्यालय शिक्षामा पहुँच अभिवृद्धि गर्न, गुणस्तर सुधार तथा सिकाई निरन्तरताको लागि छात्रवृत्तिको प्रबन्ध गरेको र यस क्रियाकलापमा अन्तर्गत स्थानीय तहका कार्यक्रममा स्वीकृत रकमको बाँडफाड गरी विद्यालयहरुलाई अनुदान उपलब्ध गराउने, स्थानीय तहले विगतदेखि आवासीय छात्रवास संचालनमा रहेका विद्यालयको पहिचान गरी संचालनको अवस्था एवं विद्यार्थी संख्या यकिन गर्ने, छात्रवृत्ति रकम उपलब्ध गराँउदा आवासमा बस्ने विद्यार्थीलाई प्राथमिकता दिई त्रैमासिक रुपमा छात्रवृत्ति उपलब्ध गराउनुपर्ने, अन्य गैरआवासीय प्रकृतिका छात्रवृत्ति विद्यालयको मागको आधारमा तेस्रो त्रैमासिकमा विद्यालयहरुलाई अनुदान दिने विद्यालयले छात्रवृत्ति वितरण गरेको भरपाई स्थानीय तहमा पेस गर्नुपर्ने व्यावस्था रहेको छ । छात्रवृत्ति कार्यक्रम अन्तर्गत विद्यालयहरुलाई रकम रु.१०९०५००। निकासा भएकोमा लेखापरीक्षणको समायअवधि सम्म तपसिलमा उल्लेखित विद्यालयहरुमा निकासा भएको रकम विद्यालयहरुबाट छात्रवृत्ति वितरण गरेको भरपाइ पेस नभएकोले यस सम्बन्धमा यकिन गरी छात्रवृत्ति वितरणको भरपाई पेश गर्नुपर्ने रु.

| क्र.सं. | विद्यालयको नाम | निकाशा भएको रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रिय आधारभूत विद्यालय ढेकाहा | ६३००० | |
| २ | राष्ट्रिय आधारभूत विद्यालय अल्लिपट्टी | ६०००० | |
| ३ | रामजस आधाभूत विद्यालय रतनपुर | ६३००० | |
| ४ | दलित राष्ट्रिय आधारभूत विद्यालय | ११६००० | |
| ५ | राष्ट्रिय आधारभूत विद्यालय पिपरा | ९९५०० | |
| ६ | राष्ट्रिय आधारभूत विद्यालय दनौली | ७४००० | |
| ७ | जनता आधारभूत विद्यालय अलिपट्टी | ४३५०० | |
| ८ | सरस्वती आधारभूत विद्यालय सहोडवा | ३३००० | |
| ९ | ने.रा. भवानी सार्वजनिक आधारभूत विद्यालय हरदिया | ४४५०० | |
| १० | माध्यमिक विद्यालय सहोडवा | १०६००० | |
| ११ | माध्यमिक विद्यालय बनौली | २७५०० | |
| १२ | ने.रा.ज.मा.वि. एहरहिया गमह्रिया | ५६५०० | |
| १३ | राष्ट्रिय माध्यमिक विद्यालय अतराढ | २७००० | |
| १४ | माध्यमिक विद्यालय खैरवा | ४७५०० | |
| १५ | रामनारायण अयोध्या उच्च माध्यमिक विद्यालय पिपरा ४ | ७६००० | |
| १६ | आदर्स माध्यमिक विद्यालय रतौली | ८५५०० | |
| १७ | दारुल उलुम कादरीया अलिपट्टी | १७००० | |
| १८ | मर्कज दावते इस्लामि फैजाने मदिना | २८५०० | |
| १९ | समसुल हुदा इस्लामिया मदर्सा | २२५०० | |
| जम्मा रकम रु. | | १०९०५०० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,९०,५०० |

१८ **शैक्षिक गुणस्तर** - सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढीकरण, शिक्षक प्रशंशा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ। साथै सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सोको कार्यान्वियन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नेपर्ने ब्यवस्था छ। यस पालिकाले आ.वा.२०८१।८२ मा विद्यालयको शैक्षिक गुणस्तर बारे

अनुगमन गरेको प्रतिवेदन पालिकासँग देखिएन। अतः पालिकाले आफनो अन्तर्गतका बिद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१९ **शिक्षकको अभिलेख तथा तलब भत्ता वितरण** - शिक्षा नियमावली २०५९ को परिच्छेद ३ नियम १६ मा जिल्ला शिक्षा अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था छ। जस अन्तर्गत बुदां न (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागि सिफारीस भई आएका शिक्षकलाई नियुक्ति गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अधावधिक गरी राख्नुपर्ने व्यवस्था रहेको छ।त्यस्तै शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ मा स्थानीय तहहरुसँग समन्वय गरी तत् स्थानीय तहमा रहेको खुद रिक्त दरबन्दी, करारमा रहेको शिक्षक, अस्थायी शिक्षक तथा स्थायी शिक्षकहरुको विवरण र सूची आफ्नो अभिलेखसँग भिडाइ यकिन गर्ने (बुदाँ १३) र स्थानीय तहले इकाइसँग समन्वय गरी रिक्त दरबन्दी, करार, राहत र दरबन्दीका शिक्षकको विवरण उपलब्ध गराउनु पर्ने (बुदाँ १२) व्यवस्था छ । पालिकाले शिक्षकको दरबन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवा निवृत भएका, विदामा रहेका, नया नियुक्ति भएका, राहत कोटा र दरबन्दीमा कार्यरत शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावली र कार्यविधिमा व्यवस्था भए बमोजिमको अद्यावधिक अभिलेख तयार नगरेको हुदा कार्यरत शिक्षकको तलब भत्ता वितरणमा वास्तविक हो भनी यकिन हुन सकिएन। शिक्षकको अभिलेख सम्बन्धमा नियमावली र कार्यविधिमा भएको व्यवस्था कार्यान्वयनतर्फ ध्यान दिनुपर्दछ।

२० **विद्यालयगत निकासा** - विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक बिद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी बिद्यालयगत निकासा खाता अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको बिद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन । अतः बिद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

२१ **विद्यालयको लेखापरीक्षण प्रतिवेदन** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/८२ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालया सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको लेखापरीक्षण गराउनको लागि आधारभूत तह सञ्चालित विद्यालयलाई रु १०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रु.१५००० अनुदान दिने व्यवस्था छ। पालिका अन्तर्गत सञ्चालित १२ वटा सामुदायिक विद्यालयहरुलाई लेखापरीक्षण बापत रु.१८५०००।- निकासा गरेको मा विद्यालयहरुले लेखापरीक्षण गराएको प्रतिबेदन लेखापरीक्षणमा पेस भएन। कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित व्यबस्था अनुसार विद्यालयहरुको आय व्ययको लेखापरीक्षण समयमै गराएर पालिकामा प्रतिवेदन पेश गर्नुपर्दछ।

२२ **अनुगमन** - कार्यक्रम कार्यान्वयन पुस्तिका,२०८१।८२ अनुसार सामूदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइएन। पालिकाले कार्यान्वियन पुस्तिका अनुसार शैक्षिक अवस्था सुधारमा निकासा खर्च उपयोग भएको सुनिश्चितता हुने अनुगमन मापदण्ड तयार गरी कार्यान्वयन गर्नु पर्दछ।

२३ सामाजिक सुरक्षा भत्ता वितरण - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १८ मा स्थानीय तहले सामाजिक सुरक्षा भत्ता वापत निकासा प्राप्त भएको रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा सात दिन आगावै वितरण कार्य सम्पन्न गरि कारोवार बन्द गर्नुपर्ने, आर्थिक कारोवार बन्द भए पछि प्रचलित कानुन बमोजिम निकासा र खर्चको लेखा अध्यावधिक बैंक सँगको हिसाब मिलान गरी बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने, भत्ता वितरणको लागि निकासा भएको रकम सोहि आर्थिक बर्षमा खर्च नभएमा बाँकी रकम नेपाल सरकारको संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकामा भत्ता प्राप्त गर्ने लाभग्राहीको नवीकरण भएको संख्या ६१७८ नयाँ ईन्ट्रि भएको १०६८ र लगत कट्टा भएको ७७१ गरी जम्मा ६४७५ जना लाभग्राहीलाई भत्ता वितरण वापत रु.१५९४४५२३०। निकासा भएको छ। पालिकाले आर्थिक वर्ष समाप्त भएको सात दिन भित्र बैंक सँगको स्टेटमेन्ट भिडान तथा निश्क्रिय खाता सम्बन्धी विवरण भिडान गरी कार्यविधिले तोकेको समयमा सामाजिक सुरक्षा वापतको रकम यकिन गरी फिर्ता गर्नुपर्नेमा एभरेष्ट बैंकले रु. १६४३४७ फिर्ता गर्न बाँकी देखिन्छ। कार्यविधिले तोकेको प्रकृयाको पालना गरी एभरेष्ट बैंकले फिर्ता गर्नुपर्ने रकम फिर्ता गरी प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६४,३४७ |

२४ **पारदर्शिता र जवाफदेहिता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भताको दर, प्राप्त हुने बैंक र लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचारप्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ. एम. लगायतका संचार माध्यमहरुबाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनु पर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी स्थानीयतहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै सम्बन्धित स्थानीय तहको वेभ साइटमा राखुपर्नेमा गरेको देखिएन। कार्यविधिले निर्धारण गरेको प्रकृया अबलम्बन गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई पारदर्शी बनाउनुपर्छ।

२५ **कर निर्धारण र असुली** -

२५.१ **राजस्व परामर्श समिति** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ मा राजस्व परामर्श को लागि एक स्थानीय राजस्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजस्व सम्वन्धि आवश्यक कानुनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजस्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजस्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजस्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन ।साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ५९ मा गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्र भित्र आफुले निर्माण रेखदेख वा संचालन गरेको हाटबजार पसल सरकारी जग्गमा बनेका संरचनाको उपयोग गरेवापत बहाल बिदौरी शुल्क लगाउन सक्ने ब्यबस्था गरेकोमा नगरपालिका वाट यस बर्ष १८ वटा माछापोखरी, १ वटा पिपरा वजार ठेक्काको मात्र आय समाबेस गरेको छ । ढुङ्गा गिट्टी वालुवा दहत्तर वहत्तर तथा अन्य क्षेत्रको आय, घर सटर बहाल, अन्य सार्वजनिक स्थान हरुको आन्तरिक आय ठेक्का लगाई आन्तरिक अयमा वृद्धि गर्न सकेको देखिएन ।अतः नियमानुसार आफ्नो क्षेत्रमा प्राप्त हुनसक्ने आयको पहिचान गरी कर संकलनमा वृद्धि गर्न प्रभावकारी रुपमा कार्य सम्पादन गर्नुपर्दछ।

२५.२ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल बिदौरी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | प्राप्तिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी | मौज्दात |
|---|---|---|---|---|
| १ | ११३१३ - सम्पती कर | ८००००००० | ३,०७१.० | ७९९६९२९. |
| २ | ११३१४ - भुमिकर/ मालपोत | २२०३५००० | ९५५४२८.६१ | २१०७९५७१.३९ |
| ३ | ११३१७ - वहाल कर | १३००००००० | १२७०७३२.०८ | ११७२९२६७.९२ |
| ४ | ११३१८ - वहाल विटौरी कर | १०००००००० | ५५७६८१३. | ४४२३१८७. |
| ५ | ११४५१-सवारी साधन कर(साना सवारी) | ० | १०,२००.० | ० |
| ६ | ११६११ - व्यवसायले भुक्तानी गर्ने | ० | १५,०००.० | ० |
| ७ | ११६९१ - अन्य कर | ३५००००००० | ६४,४६०.० | ३४९३५५४०. |
| ८ | १४२११-कृषि उत्पादनको बिक्रीबाटआय | ० | २,८१४.० | ० |
| ९ | १४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम | ० | ४३५८७९. | ० |
| १० | १४२१८ - विद्युत सेवा शुल्क | ० | ८००. | ० |
| ११ | १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ० | १९९८०५. | ० |
| १२ | १४२२१ - न्यायिक दस्तूर | १५००००००० | १३,०७५.० | १४९८६९२५. |
| १३ | १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ० | ५,०००.० | ० |
| १४ | १४२२४ - परीक्षा शुल्क | १७००००००० | ४१,५००.० | १६९५८५००. |
| १५ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | २५००००००० | १००६७२१. | २३९९३२७९. |
| १६ | १४२४२ - नक्सापास दस्तुर | ३५०००००० | २३४८३६.६८ | ३२६५१६३.३२ |
| १७ | १४२४३ - सिफारिश दस्तुर | ९२५०८१९.५९ | ७७५४७६. | ८४७५३४३.५९ |
| १८ | १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ४०००००० | ३४९६६०. | ३६५०३४०. |
| १९ | १४२४५ - नाता प्रमाणित दस्तुर | १३००००००. | १९,८८०.० | १२९८०१२०. |
| २० | १४२४९ - अन्य दस्तुर | ८१०००००. | ४०४८४४. | ७६९५१५६. |
| २१ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | १४००००००. | १८१३००. | १३८१८७००. |
| २२ | १४२६२ - विद्युत सम्बन्धी दस्तुर | ० | १,३००.०० | ० |
| २३ | १४३१३ - धरौटी सदरस्याहा | ० | ६५६८९०७. | ० |
| २४ | १४५२९ - अन्य राजस्व | १५००००१. | १०९९२१७.६९ | १३९००७८३.३१ |
| २५ | १४६११ - व्यवसाय कर | ० | १८,६१०.० | ० |
| २६ | १५१११ - बेरूजू | १५०००००. | ४७९४०४.३६ | १०२०५९५.६४ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २७ | ३२१२१ - नगद | ० | ७५,१०५.८८ | ० |
| २८ | ३२१२२ - बैंक मौज्दात | ० | ९१२५२३.५९ | ० |
| जम्मा | | २१३३८५८२०.५९ | २०७२२३६३.८९ | २००९०९४०१.१७ |

पालिकाको अनुमानित आय र वास्तविक आयको तुलना गर्दा लक्ष्यको तुलनामा ९.७१ प्रतिशत असुल भएको देखिएता पनि पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली र अनुमान यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

२५.३ **वडागत राजस्व** - नगरपालिको बिभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र सम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने र सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिबाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिबाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। पालिका वडामा संकलन भएको राजश्व नियमानुसार दाखिला गर्नुपर्नेमा तोकिएको समय भन्दा केही दिन ढिला गरी दाखिला भएको हुदा समयमा नै दाखिला गर्ने कार्यमा सुधार गरी वडा सचिव श्री विनोद ठाकुरवाट ४६०९० दाखिला गर्न वाँकी देखिएकाले जरिबाना सहित असुल गरी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,०९० |

२५.४ **राजस्वको अभिलेख -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ ।कार्यालयले यसवर्ष राजस्व आम्दानी तर्फ म.ले.प.फ.नं.१०८ले राजश्व आम्दानीको बैंक नगदी किताब र म.ले.प.फा.नं.१०८(क) राजश्व आम्दानीको दैनिक नगद प्राप्त गोश्वारा खाता राखेको देखिएन ।ऐनको व्यवस्था अनुसारम.ले.प.फ.नं.१०८ र म.ले.प.फा.नं.१०८(क) फारम राखी राजस्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ ।यस वर्ष नगदी रसिदबाट असुल गरेको दस्तुर विज्ञापन कर दहत्तर वहत्तर र अन्य आन्तरिक आय वापतको रु.२०७२२३६४। आम्दानी गरेकोमा सोको रसिद नम्बर अनुसार दैनिक आवर्जे नराखेबाट असुली गरी आम्दानी गरेको रकम यकिन हुन नसकिने भएकाले विद्युतीय विवरणको अलावा तोकियको ढाँचामा मलेप फाररममा समेत अभिलेखिकरण गर्यो भने विवरण सुरक्षित हुने हुन्छ।प्राप्त हुनुपर्ने राजश्व र प्रापत राजश्व सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण प्रणाली नभएकाले प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा यकिन हुन सक्ने अवस्था देखिएन ।

२५.५ **कर सङ्कलन गर्न पाउने क्षेत्र** -

**उद्योग ब्यबसायीको लगत** - पालिका भित्र के कति संख्यामा उद्योग ब्यबसायहरु संचालनम आएका छन् नगरपालिकाले रेकर्ड राखेको पाइएन। पालिकाभित्र संचालनमा आएका उद्योग धन्दाबाट पालिकाका कर्मचारीहरु र जनताको हितकोलागि सामाजिक दायित्व अन्तर्गत पर्ने लगानी वा विकास निर्माणको रकम छुट्याएको नपाइएकाले पालिकामा संचालित उद्योग ब्यबसायलाई पालिकाले अनुगमन, नियमन, साथै अभिलेख राखी नियमानुसार राजस्व संकलन गर्नुपर्ने देखिन्छ।

**ब्यबसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ।यस वर्ष पालिकाले पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी व्यवसाय दर्ता तथा नवीकरण अभिलेख बयवस्थित गरेको देखिएन ।ब्यवसाय कर तथा रजिष्ट्रेशन दस्तुर वापत रु. १९९९१०।० कर सङ्कलन गरेको छ ।उद्योग ब्यबसायको लगत राखी दर्ता हुन बाँकी रहेका ब्यवसायलाई दर्ता गर्न प्रोत्साहन गरी ब्यवसाय कर संकलनमा वृद्धि गरी आन्तरिक आय वृद्धी गर्नुपर्दछ।

**घर जग्गा बहाल कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा

घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले घर जग्गा बहाल कर बापत यस वर्ष रु. १२७०७३२।० उठाएको देखिन्छ। पालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (HOUSEHOLD SURVEY) गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ।

**सवारी कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ ।पालिकाले सवारी कर बापत रु. १०२०० मात्र कर उठाएको देखिन्छ ।सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असुलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

**सम्पत्ति कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ अनुसार पालिकाको अधिकारक्षेत्र कुनै पनि व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर वा जग्गाको एकीकृत रुपमा हिसाव गरी एकीकृत सम्पत्ति वा घरजग्गा कर लगाइने व्यवस्था रहेको छ ।पालिकाले यस बर्ष भूमि तथा मालपोत कर वापत रु.६७७८३५।उठाएको देखिन्छ भने सम्पत्ति कर रु.३०७१ मात्र उठाएको देखिन्छ।पालिकाले एकीकृत सम्पत्ति कर सम्वन्धमा घर जग्गा सर्वेक्षण (HOUSEHOLD SURVEY)गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा एकीकृत सम्पत्ति कर प्राणली लागु गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी एकीकृत सम्पत्ति कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ।

**यन्त्र उपकरण संचालन** - पालिकाले आफ्नो आन्तरिक आम्दानी बढाउनको लागि एम्बुलेन्स, जे.सी.वी. तथा अन्य पुँजीगत सम्पत्तिलाई भाडामा लगाएवापत प्राप्त हुने आम्दानीलाई व्यवस्थित गर्न सक्ने व्यवस्था बमोजिम जेसिबि संचालन वापतको आय रु १८७१००।० उठेको छ। पालिकामा रहेका जे.सी.वी. ट्याक्टर र एम्बुलेन्स जस्ता मेशसनरी सामानको चालकको तलव भत्ता ईन्धन तथा मर्मत वापत खर्च गरेको उल्लेख गरेता पनि सोको अभिलेख राखेको छैन ।मर्मत सम्भार तथा ईन्धनमा खर्च लेखेतापनि यस्ता पुँजीगत सम्पत्तिको प्रयोगबाट सिर्जना हुने आम्दानीको रेकर्ड राखेको देखिएन। पालिकाले आम्दानी सिर्जना गर्न सक्ने सम्पत्तिको प्रयोग गरी आन्तरिक आम्दानी बढाउने तथा भएको आम्दानीको व्यवस्थित अभिलेख राख्ने ब्यवस्था हुनुपर्दछ

## २६ आय ठेक्का र मूल्य अभिवृद्धि कर -

२६.१ **असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत आन्तरिक आय वृद्धिकालागी आफ्नो क्षेत्र भित्र आफूले निर्माण रेखदेख वा सञ्चालन गरेको हाटबजार वा पसल वा सरकारी जग्गामा बनेका संरचना उपयोग गरेवापत विभिन्न कर तथा शुल्क बहाल बिदौरी शुल्क आदि लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ मा उल्लेखित प्रक्रिया र कार्यविधि अनुसार समयमानै प्राप्त हुन नसकेमा सम्झौतामा तोकिएको अवधि र अवधि नतोकेको अवस्थामा आयकर ऐन, २०५८ अनुसार सामान्य ब्याज दर १० प्रतिशतले हुने ब्याज गणना गरी सो समेत दाखिला गर्न लगाउने सक्ने व्यवस्था छ । यस पालिकाले विगत र यो वर्ष सम्झौता गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसारका व्यवसायीबाट असुल गर्न बाँकी रहेको देखियो । असुल हुन बाँकी राजस्व नियमानुसार ब्याज समेत असुल गरी दाखिला गर्नुपर्ने दखिएको रु.

| नाम, थर | ठेगाना | ठेक्का लागेको वर्ष | ठेक्का अवधि समाप्त हुने मिति | कबोलरकम मु.अ.कर समेत | किस्तारकम प्रति बर्ष | बुझाउन बाँकि रु. |
|---|---|---|---|---|---|---|
| श्रीशत्रुहन सहनी | मनरा सिस्वा ६महोत्तरी | २०७६/०७७ | २०८१ चैत्र मसान्त | २२७५००० | ४५५००० | १०६५००० |
| श्रीरतन साह | पिपरा गा.पा. १ | २०७७/०७८ | २०८२ असोज १० | १८५०००० | ३७०००० | ९३५००० |
| श्रीजिवछ मिश्रा | पिपरा गा.पा. ४ | २०७७/०७८ | २०८२ असोज ११ | ३५८०५५ | ७१६११ | १४३१३३ |
| श्रीलखन मुखिया | जनकपुर - ८ धनुषा | २०७७/०७८ | २०८२ असोज २८ | ९६००५०० | १९२०१०० | ३५३०८०० |
| श्रीनविन मिश्र | पिपरा - ४ | २०७७/०७८ | २०८२ असोज ११ | २१००१११ | ४२००२२ | ८४००३८ |
| श्रीउपेन्द्र मुखिया | ननुपटी - ४ धनुषा | २०७७/०७८ | २०८२ असोज १० | ३५२७७७५ | ७०५५५५ | २२९२२२० |
| श्रीसंजिव मण्डल | पिपरा गा.पा. ६ | २०७७/०७८ | २०८२ असोज १० | ९०५००० | १८१००० | ५७४००० |
| श्रीराज कुमार महासेठ | जनकपुर - २१धनुषा | २०७७/०७८ | २०८२ असोज १० | ५२७७७५५ | १०५५५५१ | ४२२२२०४ |
| श्रीभोगिन्द्र यादव | पिपरा गा.पा. ३ | २०७८/०७९ | २०८३ कार्तिक १५ | ४०५५५०० | ८११९०० | १०४००० |
| श्रीराजकिशोर मुखिया | पिपरा गा.पा. ४ | २०७९/०८० | २०८४ भाद्र १९ | ३७५००० | ७५००० | १५०००० |
| श्रीमंसिप मुखिया | पिपरा गा.पा. ४ | २०७९/०८० | २०८४ भाद्र १९ | २२५९००० | ४५१८०० | ९०३६०० |
| श्रीबृस्पति मुखिया | पिपरा गा.पा. | २०७९/०८० | २०८४ चैत्र मसान्त | ७०००५ | १४००१ | -१०० |
| श्रीअनिकेत रमण पासमान | पिपरा गा.पा. ४ | २०७९/०८० | २०८४ अशोज २३ | ४०००००० | ८००००० | ३२००००० |
| श्रीफरमोद राइन | पिपरा गा.पा. ३ | २०८०/०८१ | २०८५ आषाढ मसान्त | ८११००० | १६२२०० | ५६७७०० |
| श्रीमंसिप मुखिया | पिपरा गा.पा. ४ | २०८१/०८२ | २०८६ चैत्र ०८ | १७६०००० | ३५२००० | ० |
| श्रीरोहित प्र. ठाकुर | बलवा न.पा. १ | २०८१/०८२ | २०८७ आषाढ ०३ | ७०२५००० | १४०५००० | ० |
| श्रीसितेश कु. सहनी | मनरा सिस्वा ६महोत्तरी | २०८१/०८२ | २०८७ आषाढ ०८ | २२८५००० | ४५७००० | ० |
| श्रीदिलिप मण्डल | पिपरा गा.पा. ४ | २०८१/०८२ | २०८२ आषाढ मसान्त | १३६५०० | १३६५०० | ० |
| | | | | | | १८५२७५९५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८५,२७,६९५ |

२६.२ **आय ठेक्कामा मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(२) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने र मूल्य अभिवृद्धि कर २०५२ को दफा ५ र दफा २ छ अनुसार ठेक्कापट्टा र दहत्तर बहत्तर आय ठेक्का लगाउँदा मूल्य अभिवृद्धि कर असुल नगरेकोले दहत्तर बहत्तरको ठेक्का वा अन्य प्रकृयाबाट गरिएका १८ माछा पोखरी तथा १ पिपरा वजारको ठेक्कापट्टामा संकलन गरेको रकमको १३ प्रतिशतले हुने निम्नानुसारको मूल्य अभिवृद्धि कर संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| नाम, थर | ठेगाना | ठेक्का लागेको वर्ष | कवोलरकम मु.अ.कर समेत | किस्तारकम प्रति बर्ष | मुल्य अभिवृद्धिकर |
|---|---|---|---|---|---|
| श्रीशत्रुहन सहनी | मनरा सिस्वा ६ महोत्तरी | २०७६/०७७ | २२७५००० | ४५५००० | ५९१५० |
| श्रीरतन साह | पिपरा गा.पा. १ | २०७७/०७८ | १८५०००० | ३७०००० | ४८१०० |
| श्रीजिवछ मिश्रा | पिपरा गा.पा. ४ | २०७७/०७८ | ३५८०५५ | ७१६११ | ९३०९ |
| श्रीलखन मुखिया | जनकपुर - ८ धनुषा | २०७७/०७८ | ९६००५०० | १९२०१०० | २४९६१३ |
| श्रीनविन मिश्र | पिपरा - ४ | २०७७/०७८ | २१००१११ | ४२००२२ | ५४६०३ |
| श्रीउपेन्द्र मुखिया | ननुपटी - ४ धनुषा | २०७७/०७८ | ३५२७७७५ | ७०५५५५ | ९१७२२ |
| श्रीसंजिव मण्डल | पिपरा गा.पा. ६ | २०७७/०७८ | ९०५००० | १८१००० | २३५३० |
| श्रीराज कुमार महासेठ | जनकपुर - २१धनुषा | २०७७/०७८ | ५२७७७५५ | १०५५५५१ | १३७२२२ |
| श्रीभोगिन्द्र यादव | पिपरा गा.पा. ३ | २०७८/०७९ | ४०५५५०० | ८११००० | १०५४४३ |
| श्रीराजकिशोर मुखिया | पिपरा गा.पा. ४ | २०७९/०८० | ३७५००० | ७५००० | ९७५० |
| श्रीमंसिप मुखिया | पिपरा गा.पा. ४ | २०७९/०८० | २२५९००० | ४५१८०० | ५८७३४ |
| श्रीबृस्पति मुखिया | पिपरा गा.पा. | २०७९/०८० | ७०००५ | १४००१ | १८२० |
| श्रीअनिकेत रमण पासमान | पिपरा गा.पा. ४ | २०७९/०८० | ४०००००० | ८००००० | १०४००० |
| श्रीफरमोद राइन | पिपरा गा.पा. ३ | २०८०/०८१ | ८११००० | १६२२०० | २१०८६ |
| श्रीमंसिप मुखिया | पिपरा गा.पा. ४ | २०८१/०८२ | १७६०००० | ३५२००० | ४५७६० |
| श्रीरोहित प्र. ठाकुर | बलवा न.पा. १ | २०८१/०८२ | ७०२५००० | १४०५००० | १८२६५० |
| श्रीसितेश कु. सहनी | मनरा सिस्वा ६ महोत्तरी | २०८१/०८२ | २२८५००० | ४५७००० | ५९४१० |
| श्रीदिलिप मण्डल | पिपरा गा.पा. ४ | २०८१/०८२ | १३६५०० | १३६५०० | १७७४५ |
| | | | | | १२७९६४८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,७९,६४७.५ |

२७ **प्रधानमन्त्री रोजगार कार्यक्रम-** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार बेरोजगार व्यक्तिहरुलाई १०० दिनसम्मको रोजगारी प्रदान गर्ने तथा सामान्य प्रकृतिका निर्माण तथा मर्मत, कृषि कार्य लगायतका कामहरु गर्ने उद्धेश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रममा रु.४६९०००० मध्ये रु.३६०४५०4 (७६.७८%)खर्च गरेको छ।यस कार्यक्रमको लागी विनियोजित बजेट तथा वार्षिक खर्च विवरण निम्नानुसार रहेको छ ।

| क्र.सं. | विवरण | विनियोजित | खर्च | मौज्जाद |
|---|---|---|---|---|
| १ | रोजगार संयोजककोतलव | ५७८००० | ५७७९५७ | ४३ |
| २ | विपन्न श्रमिककोज्याला | ३४२७००० | २३७२७३६ | १०५४२६४ |
| | | **४००५०००** | **२९५०६९३** | **१०५४३०७** |
| ३ | रोजगार सेवा केन्द्रकोको लागि मसलन्द खर्च | १००००० | १००००० | ० |
| ४ | कार्यस्थल सुरक्षा सामग्री | २००००० | १९६१११ | ३८८९ |
| ५ | अभिमिखिकरण कार्यक्रम | ३५००० | ३४७०० | ३०० |
| ६ | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धि क्रियाकलाप | १००००० | ९५८५० | ४१५० |
| ७ | रोजगार रणनीति/ आन्तरिक रोजगारी प्रवर्द्धन सम्बन्धी कार्यक्रम | १००००० | ७६५५० | २३४५० |
| ८ | रोजगार संवाद मंच | ३०००० | ३०००० | ० |
| ९ | आयोजनाहरुको अनुगमन/ निरिक्षण | १००००० | ९७००० | ३००० |
| १० | विविध खर्च | २४००० | २३६०० | ४०० |
| ११ | जम्मा रु | ६८९००० | ६५३८११ | ३५१८९ |
| | कुल जम्मा रु | ४६९४००० | ३६०४५०४ | १०८९४९६ |

**यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्न छन्।**

- प्रधानमन्त्री रोजगार कार्यक्रम- २०८१।८२ मा सूचीकृत ३६८ जना रहेकोमा १५१ जनालाई कुल रोजगारी दिएको देखिन्छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । धेरै वेरोजगार व्यक्तिहरुलाई रोजगारी दिने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समीक्षा गरी सो को प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धिको प्रगति समीक्षा गरेको देखिएन।
- पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ ।
- उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दिगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को दफा ७८ अनुसार वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई गर्नुपर्नेमा सो गरेको देखिएन।

श्रमिकवाट सम्पन्न कामको विवरण तथा खर्च विवरण

| विवरण | खर्च | सुचिकृतसंख्या | रोजगारीमा संलग्न संख्या | कुल रोजगारीदिनहरु | ज्यालादर | कुल ज्याला रकम | औसत दिन |
|---|---|---|---|---|---|---|---|
| रोजगारी सृजना ( नेपाल सरकार र IDA) | २३७२७३६ | ३६८ | १५१ | ३५५२ | ६६८ | २३७२७३६ | २४ |
| वडा नं. ३ नाला तथा पैनी जिर्नोधार एवं सरसफाई (नेपालसरकार) | ४५४९०८ | | ३९ | ६८१ | ६६८ | ४५४९०८ | १८ |
| वडा नं. ४, १ , २ मा नाला तथा पैनी जिर्नोधार एवं सरसफाई ( नेपाल सरकार) | १२२९७८८ | | ८८ | १८४१ | ६६८ | १२२९७८८ | २१ |
| वडा नं. ५ नाला तथा पैनी जिर्नोधार एवं सरसफाई ( आई.डी.ए. श्रोत) | ५२९०५६ | | २४ | ७९२ | ६६८ | ५२९०५६ | ३३ |
| वडा नं. ७ पैनीतथा नाला जिर्नोधार (आई.डी.ए. श्रोत) | १५८९८४ | | | २३८ | ६६८ | १५८९८४ | १० |
| जम्मा रु | २३७२७३६ | ३६८ | १५१ | ३५५२ | ६६८ | २३७२७३६ | २४ |

२८ **शिक्षा तर्फ स्थानीय तह** -

२८.१ **कार्यसम्पदनमा आधारित अनुदान** - भौचर नं १७४।०८१।११।२१ सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) ख अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरि नापी किताबमा उल्लेख भएको वस्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने, शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ नमुना विद्यालयको शैक्षिक तथा ब्यवस्थापन योजना कार्यान्वियनको लागि कार्य सम्पादनमा आधारित बिधालय शैक्षिक गुणस्तर सुधार कार्यक्रमको लागि भवन निर्माण गरेकोमा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने र अन्य कार्य गरेकोमा सोको समेत कार्यसम्पादन गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकावाट श्री राम नारायण अयोध्या माध्यामिक बिद्यालय पिपरा नमुना बिद्यालयको स्वीकृत गुरु योजना अनुसार भौतिक पूर्वाधार बिकास लागी केन्द्रवाट स्वीकृत कार्यक्रम अनुसार सार्वजनिक खरिद ऐनको निर्माण प्रक्रिया द्वारा सोहि बर्षमा खरिद कार्य सम्पन्न गर्नु पर्ने र सोको प्राबिधिक मुल्याँकन गरी ,नापी किताब,तथा कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि मात्र खर्च भुक्तानी हुनु पर्नेमा अनुदानको रुपमा एकमुष्ट रु ४५०००००।०बजेट खर्च लेखेको देखियो ।सार्वजनिक खरिद ऐन तथा नियमावली र कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ अनुसार उक्त बिधालयवाट विज्ञान बिषय संचालन तथा भवन निर्माण कार्य सम्पन्न गरेको कार्यसम्पन्न प्रतिवेदन पेस हुनुपर्ने रु.४५०००००।०

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,००,००० |

२८.२ **विद्यालय भौतिक पूर्वाधार निर्माण** - भौचर नं २०।८२।०३।२१ सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) ख अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरि नापी किताबमा उल्लेख भएको वस्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने, शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ क्रियाकलाप नं ११.१.२.२९८६ अनुसार प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार

कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र भौतिक पूर्वाधार निर्माण मापदण्ड २०८० को अनुसूची ७ बमोजिमको ढाँचामा कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ ।साथै कार्यक्रम कार्यान्वियनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा प्राप्त निर्देशन अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार ४ कोठे भवन शौचालय समेत निर्माण गर्नुपर्ने व्यवस्था छ । पालिकावाट श्री राष्ट्रिय प्राथमिक विद्यालय ठेकाहा १ मा विद्यालयको भवन निर्माण कार्यको लागि विद्यलयवाट पेश गरेको लागत अनुमान को स्वीकृत गुरु योजना अनुसार भौतिक पूर्वाधार विकास केन्द्रवाट स्वीकृत कार्यक्रम अनुसार सार्वजनिक खरिद ऐनको निर्माण प्रक्रिया द्वारा सोही आर्थिक बर्षमा खरिद कार्य सम्पन्न गर्नु पर्ने र सोको प्राबिधिक मूल्याङ्कन गरी ,नापी किताब,तथा कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि मात्र खर्च लेखिनु पर्नेमा रु ५५०००००० एकमुष्ट अनुदानको रुपमा खर्च लेखेको देखियो । सार्वजनिक खरिद ऐन तथा नियमावली र कार्यक्रम कार्यान्वियन कार्यबिधि २०८१।८२ अनुसार उक्त बिधालय भवन निर्माण कार्य सम्पन्न गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५,००,००० |

२८.३ **ल्याव सामाग्री खरिद** - भौचर नं २७६।८२।३।१७ कार्यक्रम कार्यविधि, २०८१।८२ अनुसार नियमित अनुगमन गरी प्रतिवेदन दिनुपर्ने व्यवस्था छ ।पालिकाले कार्यक्रम कार्यान्वियन कार्यबिधि २०८१।८२ क्रियाकलाप नं २.७.१३.१३ अनुसार बिधालय संचालन तथा ब्यवस्थापन कार्यक्रम अन्तर्गत बाली विज्ञान बिषय संचालनको लागि ल्याव सामाग्री खरिद कार्यकालागि श्री रामनारायण उच्च माध्यामिक बिधालय पिपरा ५ को लागी रु २००००० अनुदान उपलब्ध गराएको छ ।पालिकाले उक्त विधालयवाट ल्याव सामाग्री खरिद कार्यकालागि अनुदान दिएको रकमको खरिद कार्य सम्पन्न गरी सम्बन्धित प्राविधिकवाट जाँच गराई तयार गरेको कार्यसम्पन्न प्रतिवेदन संलगन गरेको नदेखिएकाले उक्त खरिदकार्य सम्पन्न भएको कार्यसम्पन्न प्रतिवेदन तथा अनुगमन प्रतिवेदन पेस हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

२८.४ **विधालयमा आईसिटी ल्याव निर्माण** - भौचर नंम्वर २४८।०८२।३।०९ सार्बजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) ख अनुसार खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरि नापी किताबमा उल्लेख भएको वस्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने तथा कार्यक्रम कार्यविधि २०८१।८२ अनुसार नियमित अनुगमन गरी प्रतिवेदन दिनुपर्ने ब्यवस्था छ ।पालिकाले कार्यक्रम कार्यान्वियन कार्यबिधि २०८१।८२ क्रियाकलाप नं २.७.१३.१३ (९.४) अनुसार प्रति बिधार्थी लागतका आधारमा सिकाई सामग्री तथा डिजिटल सिकाई सामाग्री आई सि टि निर्माण कार्यकालागी श्री माध्यामिक ० १० बिधालय पिपरा ५ कोलागी रु. ६५००००।० अनुदान उपलब्ध गराएको छ । पालिकाले उक्त विधालयवाट आईसिटी ल्याव निर्माणकार्य कार्यकालागि अनुदान दिएको रकमको निर्माण कार्य सम्पन्न गरी प्राविधिकवाट नापजांच गराई तयार गरेको नापी किताव र कार्यसम्पन्न प्रतिवेदन संलगन गरेको नदेखिएकाले उक्त कार्यसम्पन्न भएको प्रमाण पेस हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५०,००० |

२८.५ **कट्टी गरेको कर दाखिला नगरेको** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा करकट्टी हुनुपर्ने र कट्टी गरेको कर रकम ऐनको दफा ९६ २ अनुसार समबन्धित राजश्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाले भौचर नं १२७।२०८१।९।१४ वाट शिक्षाधिकृत श्री श्रवण कुमार यादव ले बिभिन्न परीक्षासंचालनको लागी लिएको पेश्की रु ४७७००० फस्यौंट गर्दा संलग्न बिलभर्पाई अनुसार परीक्षामा संलग्न बिभिन्न कर्मचारी तथा अन्य सहयोगीकोलागी भुक्तानी गरेको पारीश्रमिक तथा भत्तामा ऐन अनुसार कट्टि गरेको कर रु ४९९६५ मध्ये रु ३६६१० मात्र दाखिला गरी रु १३३५५ दाखिला गरेको देखिएन । दाखिला गर्न बाँकी कर रकम राजश्मा दाखिला गरी प्रमाण पेस हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,३५५ |

२९ **स्वास्थ्य स्थानीय तह तर्फ** -

२९.१ **न्यानो झोला वितरण कार्यक्रम** - स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ ।यस पालिका अन्तर्गतको १ वटा बर्थिङ सेन्टरमा (पिपरा जनता अस्पताल ) गत विगत बर्षको मौज्दात १०२ थान न्यानो झोला मात्र रहेको विवरण प्राप्त भएको छ भने यस बर्ष खरिद गरेको देखिएन ।।यस वर्ष पिपरा जनता अस्पतालमा ३६ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । गत बर्षको मौज्दात यस बर्षको खरिद तथा बाँकी रहेको अभिलेख तयार नभएकाले मौज्दात यकिन गर्न सकिएन साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन ।तसर्थ विगतको मौज्दात, माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ ।लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ। आगामी वर्षमा न्यानो झोला खरिद गर्नुपुर्व मौज्दातमा रहेका न्यानो झोला प्रयोग गर्नुपर्दछ। यसरी विगतको मौज्दात र आवश्यकताको बस्तुनिष्ठ आँकलन नगरी अनावश्यक रुपमा मौज्जातमा नरहने गरी आवश्यकताको पहिचान र मौज्दात यकिन गरी न्यानो झोला खरिद तथा वितरणको व्यवस्थालाई प्रभावकारी बनाउनु पर्दछ।

२९.२ **औषधि खरिद** - पालिकालाई आवश्यक पर्ने औषधिको आवश्यकता वर्षभरिमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक औषधि कार्यालयबाट खरिद भई प्राप्त हुने परिणाम तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधिको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ ।पालिकाले विभिन्न बजेट उपशीर्षकबाट सेतीदेवी मेडिसिन सप्लायर्स प्रालीबाट रु.५६६३५८।०( गा.पा चालुतर्फ) र रु.१३५७०००।०( संघीय सशर्त तर्फ) आपूर्तिकर्तामार्फत रु.१३२३३५८।० को औषधि र उपकरण सिलबन्दी दरभाउपत्रको माध्यामवाट खरिद गरी भुक्तानी गरेको छ। साथै आयुर्बेद तर्फ ३९ प्रकारका बिभिन्न किसिमका औषधि रु. २४८९९४०।० खरिद गरेको छ।पालिकाले औषधि खरिद गर्दा आवश्यकता पहिचान तथा औषधिको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधार खरिद गरेको देखिएन।आपूर्तिकर्ताबाट हुने औषधि तथा औषधिजन्य सामाग्रीको Expiry date स्टोर दाखिला समय सम्म कम्तिमा २ वर्ष बाँकी हुनु पर्दछ । आपूर्तिकर्ताबाट आपूर्ति भएका ८२ प्रकारका औषधि वा अन्य सामानको Manufacture Date , Expiry Date , Batch no, Manufacture Company को नाम र स्टोर दाखिला गर्दा प्रत्येक औषधिको Manufacture Date , Expiry Date , Batch no, Manufacture Company खुलाई दाखिला गर्नुपर्ने ब्यवस्था छ । पालिकाले Manufacture Company बहेक अन्य विवरण खुलाई दाखिला गरेको र सवै औषधि हस्तान्तरण गरेको उल्लेख गरेतापनि सम्बन्धित स्वास्थ्य संस्थामा रहेको मौज्दात समेत यकिन नभएकोले माग र आवश्यकताको आधारमा औषधि खरिद कार्य व्यवस्थित गर्नु पर्दछ ।

२९.३ **औषधि खरिद** - सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ मा सार्वजनिक निकायले खरिद विधि छनौट गर्नुपर्दा तोकिए बमोजिमको अवस्था र खरिद मुल्यको ऐनमा उल्लेख भएका कुनै एक विधि अपनाइ खरिद गर्नुपर्ने ब्यवस्था रहेको छ। साथै सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ८५ मा पच्चिस लाख रुपैया सम्मको औषधिजन्य मालसामान वा नेपालमा उत्पादित मालसामानको उतपादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरि तोकेको बिक्रि मुल्यमा सोझै खरिद गर्न सकिने र यसरी सोझै खरिद गर्दा उपलब्ध भएसम्म नेपाल गुणस्तर चिन्ह प्राप्त मालसामान खरिद गर्नुपर्ने ब्यवस्था रहेको छ ।पालिकाले आयूर्वेद तर्फको औषधि खरिद कार्यकोलागी गाउँपालिका चालु भौचर नं ५०८।२०८२।१।१४ वाट रु १८८९९४० र संघिय सरकारवाट हस्तन्तरित कार्यक्रम चालु भौचर नं १९५।२०८२।१।१४ वाट रु ५००००० गरी जम्मा रु २४८९९४० को औषधी खरिद गर्दा २ कम्पनी आरोग्य भवन वर्कस प्राली र प्राकृतिक हर्वास्यूटिकल्सले प्रकाशित गरेको राष्ट्रिय स्तरको पत्रिकामा उल्लेखित मुल्यको आधारमा लागत अनुमान तयार गरी ( क्यटलग सपिङ्ग बिधि)प्राकृतिक हर्वास्यूटिकल्स प्रालि वाट खरिद कार्य गरेकोमा केहि औषधिको मुल्य परीक्षण गर्दा निम्नानुसाका औषधिमा पत्रिकामा उल्लेखित दर भन्दा बढिका दरले भुक्तानी गरेको देखियो ।यसरी सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया

भन्दा फरक दरले खरिद भई बढि भुक्तानी भएको रकम सम्बन्धमा पालिकावाट थप एकिन गरी बढि भुक्तानी भएको रकम सम्बन्धितवाट असुल गरी दाखिला हुनुपर्ने रु.

| सि नं | औषधिको नाम | आरोग्य भवन बर्कस प्रालीलेप्रकाशित मुल्य | भुक्तानी गरेको मुल्य | फरक मुल्य | परिमाण | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | अविपत्कर चुर्ण सुगर फ्री १०० ग्राम | २५५ | २८३.५० | २८.५० | २०० | ५७०० |
| २ | महासुदर्सन चुर्ण१०० ग्राम | २१३.२० | २२६.८० | १३.६० | ५० | ६८० |
| ३ | त्रिफला चुर्ण १०० ग्राम | १०२.५० | १०५.३० | २.८० | २००० | ५६०० |
| ४ | सतावरी चुर्ण १०० ग्राम | २१७.३० | २८३.५० | ६६.२० | १०० | ६६२० |
| ५ | योगराज गुगुल १०० ग्राम | ६९७ | ७२९ | ३२ | २०० | ६४०० |
| ६ | जामुन चुर्ण१०० ग्राम | १८८.६० | २३४.९० | ४६.३० | ३०० | १३८९० |
| ७ | त्रिकुट चुर्ण १०० ग्राम | २२५.८४ | ३६४.५० | १०८.६६ | १०० | १०८६६ |
| ८ | पंचसकार चुर्ण १०० ग्राम | १५१.७० | १७८.२० | २६.५० | २०० | ५३०० |
| | | | | | | ५५०५६ |

| असुल गर्नुपर्ने | ५५,०५६ |
|---|---|

२९.४ **दरबन्दी भन्दा बढि कर्मचारी** - नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा ७ क मा दरबन्दी सृजना गर्न र दफा ८ मा पदपूर्ती गर्ने सम्बन्धी ब्यवस्था रहेको छ ।दरबन्दी सृजना गर्दा कुनै नयाँ सरकारी कार्यालयको स्थापना गर्न संगठन संरचना तयार गर्दा नयाँ दरबन्दी सृजना गर्दा वा ततकाल कायम रहेको संगठन संरचना र दरबन्दी पूनरावलोकन वा हेरफेर गर्दा मन्त्रालयको कार्यक्रम कार्यबोझ कार्यप्रकृति र दरबन्दी थप गर्नु पर्ने कारण तथा सोको औचित्यता र उपलब्ध मानवस्रोत समेतको आधारमा संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी मन्त्रालयले अर्थ मन्त्रालयको सहमती लिई सामान्य प्रसाशन मन्त्रालयमा पठाउनुपर्ने र सामान्य प्रसाशन मन्त्रालयले सोको मुल्याँकन गरी स्वीकृतीको लागि नेपाल सरकार मन्त्रीपरिषद् समक्ष पेस गरी स्वीकृती भए अनुसार दरबन्दी सृजना हुने ब्यवस्था गरेको छ।उक्त व्यवस्था अबलम्वन नगरी मन्त्रालयवाट यस पालिकामा कायम रहेको दरबन्दी भन्दा बाहिरका ज. स्वा. नि. १ सि.अहेब. ७ स्वा.अ.१ जना हे.अ १ जना अहेब २ गरी जम्मा १२ जना पठाई तलव भत्ता वापत मासिक रु.४७७९८८ का दरले दशै खर्च समेत रु.६२१३८४४ भुक्तानी गरेको छ ।ऐन अनुसार दरबन्दी स्वीकृत गरी स्वीकृत दरबन्दी भित्र कर्मचारी नियुक्त गरी तलवभत्ता भुक्तानी गर्ने ब्यवस्था हुनुपर्दछ ।

२९.५ **भुक्तानीमा कर कट्टी** - भौचर नं २११०८२।२।७ आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा करकट्टी हुनुपर्ने व्यवस्था छ । दफा ८८ मा बासिन्दा ब्यक्तिले नेपालमा श्रोत भएको ब्याज, प्राकृतिक श्रोत, भाडा सेवा शुल्क भुक्तानी र अन्य कुनै प्रतिफल प्राप्त रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशत का दरले र सामाग्री खरिदको भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने ब्यवस्था छ।पालिकावाट आमा सुरक्षा तथा मातृशिशु प्रसूति कार्क्रम सञ्चालन निर्देशिका २०८१।८२ अनुसार वर्थीङ्ग सेन्टरमा प्रसूति गराएका प्रतिकेस रु २५००।स्वास्थ्य संस्था संचालन खर्च र प्रति ब्यक्ति रु १००० का दरले यातायात खर्च उपलब्ध गराउने ब्यवस्था रहेको छ साथै संस्थालाई उपलब्ध गराएको रु २५०० मध्ये रु ३०० स्वास्थ्यकर्मीलाई र रु २२०० स्वास्थ्य सामाग्री खरिदमा खर्च हुने ब्यवस्था छ ।तर पालिकाले पिपरा जनता अस्पताललाई पठाएको ३० केशको रु ३००।० का दरले हुने रकमको ऐन अनुसारको १५

प्रतिशत ले हुने रु १३५० स्वास्थ्य सामाग्री खरिदमा १.५ प्रतिशतले हुने रु.९९० गरि जम्मा रु.२३४० करकट्टी गरेको नदेखिएकाले सम्बन्धित संस्थावाट बिवरण लिई कर दाखिला भएनभएको यकिन गर्नुपर्ने अन्यथा निम्नानुसार असुल हुनुपर्ने देखिएको रु.२३४०

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३४० |

३० **नर्सिङ्ग कर्मचारी घरभेट कार्यक्रम** - स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वाट तयार स्वास्थ्य कार्यक्रम संचालन सम्बन्धि मार्गदर्शन २०८१।८२ मा नर्सिङ्ग कर्मचारी प्रसूति घरभेट गर्नजाँदा दुरी र भौगोलिक क्षेत्रको विकटताको आधारमा प्रती घरभेट रु.२०० देखि ५०० सम्म यातायात खर्च भुक्तानी गर्नुपर्ने ब्यवस्था गरेको छ ।तर पालिकाले मातृतथा नवजात शिशु कार्यक्रम सञ्चालन घरभेट गर्न जाँदा स्वास्थ्यकर्मी लाई १० मिनेट देखि ३० मिनेटको दुरीमा समेत अधिकतम रु.५०० का दरलेनै भुक्तानी गरेको देखियो।रकम भुक्तानी गर्दा भौगोलिक क्षेत्रको अवस्था र दुरीको आधारमा निर्देशिकामा तोकिएको न्यूतम यातायात खर्चमात्र दिइ खर्चमा मितब्ययिता अपनाउनु पदर्छ ।यस सम्बन्धमा केहि उदाहरण निम्न रहेका छन्

| सि नं | भौचर नं र मिति | भुक्तानी पाउने | पटक | दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | २५७।८२।३।१६ | सिअनमि श्री रेखा कुमारी ठाकुर | १८ | ५०० | ९००० |
| २ | २५८।८२।३।१६ | अनमि श्री सरस्वती थापा | ३८ | ५०० | १९००० |
| ३ | २६०।८२।३।१६ | अनमि श्री रिमा कुमारी दुवे समेत ५ जना | २३ | ५०० | ११५०० |

३१ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा ईमिसवाट प्राप्त विवरणको आधारमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा ईमिसको विवरण अनुसार कक्षा ५ भन्दा माथिका छात्रा विद्यार्थीहरु २६९३ जना रहेका छन। पालिकाले शिलबन्दी दरभाउपत्रको माध्यामवाट खरिद प्रक्रिया अनुसार न्यून कवोल वाला बोलपत्रदाता श्री नयन मेडिकल फर्मा भक्तपुर बाट प्रति प्याकेट रु. ७६.५० का दरले २५०८६ प्याकेट स्यानिटरी प्याड रु.१९१९१०४ (मु. अ.कर समेत) मा खरिद गरेको छ। खरिद गरेका सेनेटरी प्याडको सेनेटरी प्याड वितरण तथा ब्यवस्थापन कार्यविधि,२०७६ अनुसार तोकिएको स्पेसिफिकेसन र गुणस्तर अनुसार भएको प्रमाणित गरेको देखिएन ।उक्त सेनेटरी प्याड मध्ये १७५२० प्याकेट सामुदायिक विद्यालयलाई वितरण गरेको भरपाई संलग्न गरि ७५६६ प्याकेट मौज्दातमा रहेको विवरण प्राप्त भएको छ । विद्यालयलाई विवतरण गरेका प्याड सम्बन्धित विद्यालयले सबै प्याडको सहि सदुपयोग गरेको र मौज्दात रहेनरहेको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड तोकिएको स्पेसिफिकेसन र गुणस्तर अनुसार खरिद गर्नुपर्दछ ।

३२ **वितरणमुखि खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले वित्तीय समानीकरण अनुदानबाट प्राप्त रकम वितरणमुखी योजनमा खर्च गरेको देखिन्छ । वित्तीय समानीकरणबाट प्राप्त अनुदान दीर्घकालिन रुपमा प्रतिफल दिने योजनाको छनौट गरी खर्च गर्नुपर्नेमा वितरणमुखी योजनाको तर्जुमा मार्फत गरेको खर्च नियमसम्मत देखिदैन ।आन्तरिक स्रोतबाट यस प्रकारका खर्च गर्नुपर्नेमा संघीय समानीकरण अनुदानबाट प्राप्त रकम वितरणमुखी योजनामा खर्च गर्ने प्रवृतिमा सुधार हुनुपर्ने भनी विगतका वर्षहरुमा सुझाव दिदैँ आएकोमा यो वर्ष उल्लेखित वेहोरा यथास्थितिमै छ ।

**यस दफा सम्बन्धित केही उदाहरणहरु देहायबमोजिम छन् ।**

| भौचरनं | भुक्तानीपाउने | भुक्तानीरकम | खर्चको प्रयोजन |
|---|---|---|---|
| ६३२।०८२।०३।०९ | माँ बैष्णवपूजा समिति | ४९५००० | दुर्गा पपूजाको लागि माँ दुर्गा पूजा समितिलाई सहायता |
| ७७१।०८२।०३।२४ | श्रीअर्जुन ट्रेडर्स | ९७८८६२ | सामुदायिकविद्यालयमा पंखा खरिद गरी जडान |
| ७६९।०८२।०३।२४ | लक्जरीकन्ट्रकस्न एण्ड सप्लायर्स | ४८८७०२ | खेलकुदासामाग्री खरिद गरी वितरण |
| ७६६।०८२।०३।२४ | ओम बहुउदियकृषि फर्म | ४९००२६ | तरकारीकोबिउ खरिद गरी वितरण |
| ७५८।०८२।०३।२४ | इको नेशनप्रा लि | २८१९५३ | भजनकृतनकोसामाग्री खरिद गरी वितरण |
| ७५५।०८२।०३।२४ | ललिता एण्ड रिया ट्रेडर्स | ४९५५०६ | अपाङ्गहरुका लागि वितरण गर्ने प्रयोजनार्थ हस्वीलचियर र ट्राईसाईकल खरिद गरी वितरणगरेको । |
| ७७५।०८२।०३।२४ | पाथीभरा जेनरल सप्लायर्स | ९१२००० | स्यानीटरी प्याड डिस्पोजल मेसीन खरिद गरि वितरण |

३३ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । साथै, ऐ. नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता वापतको रकम भुक्तानी गर्दा भ्रमण खर्च नियमावली २०६४ मा उल्लेखित दर भन्दा बढी रकम भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

| भौचरनं | पद | भुक्तानीपाउन् | पाउनेदर | भुक्तानीभएको | जम्मादिन | जम्माबढी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ८१८।०८१।११।२१ | ह स चा | सिकिन्दरयादव | १००० | १२०० | ६.२५ | १२५० | दैनिकभ्रमण भत्ता बढी दरमा भुक्तानी गरेको |
| ४१३।०८१।११।२० | नि मा शि | श्रवणकुमार यादव | १२०० | १६०० | ३.२५ | १३०० | दैनिकभ्रमण भत्ता बढी दरमा भुक्तानी गरेको |
| ७१५।०८२।०३।२० | नि मा शि | श्रवणकुमार यादव | १५०० | २००० | ४ | २००० | बैठक भत्ता२००० का दरले ४ वटा बैठकमा रु २००० बढी भुक्तानी दिएको । |
| | | | | | | असुल गर्नुपर्ने | ४,५५० |

३४ **भ्रमण अभिलेख एवं प्रतिबेदन** - भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च बापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न पदाधिकारी तथा कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण बिल अनुसार भ्रमण खर्चबाट रु.११ लाख २९ हजार २२ खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन साथै भ्रमण/अनुगमन प्रतिबेदन नराखेको तथा भ्रमणको उदेश्य, कामको प्रयोजन तथा स्वीकृति दिने अधिकारीको स्वीकृति बेगर दैनिक भ्रमण भत्ता भुक्तानी

गरेको देखिएकोले भ्रमण खर्चमा नियम कानुनको पालना भएको छैन । नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिवेदन राखेर मात्र खर्च लेख्ने, स्वीकृत नगरी भ्रमणमा नखटाउने तथा खर्चलाई पुष्टि गर्ने कागजात, भ्रमण बिलमा स्वीकृत गरी भ्रमण खर्च लेख्नु पर्दछ ।

३५ **विविध खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले गत आर्थिक वर्षको विविध खर्च वापत रु.४१ लाख ९९ हजार र यो वर्ष विविध खर्च वापत रु. १८ लाख ५० हजार ८८२ खर्च गरेको छ । विभिन्न समयमा खाना, चिया खाजामा खर्च गरेको रकमको बिल पेस भएको गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन ।विविध खर्चबाट खाजा खानाका साथै मेशिनरी औजार मार्मत सानातिना कार्यालय सम्बन्धी खर्च, खेलकुद प्रतियोगिताकालागि आर्थिक सहयोग, पत्र पत्रिकालाई भुक्तानी, कृषक अनुदान लगायतका भुक्तानी दिइएको छ। विविध खर्चको उद्वेश्य र खर्चको यथार्थता प्रमाणित हुने गरी खर्च गर्नुपर्दछ ।

**केही उदाहरणहरु**

| भौचर नं | भुक्तानी पाउने | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ९९।०८१।०७।१२ | गौतम होटल बर्दिबास | २८००० | भौचर साथ गौतम होटले पेश गरेको कर बिजक मात्र संलग्न भएको देखिछ तर उक्त खर्च के प्रयोजनको लागि भएको भन्ने खर्च पुष्टाईको कागजात पेश नभएको । |
| १५१।०८१।०८।१० | लक्की स्टेशनरी | ५४१०० | लक्की स्टेशनरीले पालिकालाई बदाम जुस र रेडबुल आपूर्ति भनी भुक्ती गरेकोमा श्रेष्ता साथ कुनै प्रमाण संलग्न छैन |
| ३१८।०८१।१०।०६ | होटल दीपा | ३८००० | होटल दीपाले १९०० कप चिया आपूर्ति गरेको भनी पेश गरेको निवेदनको आधारमा भुक्तानी भएको । |
| ३३१।०८१।१०।०७ | होटल बाबाको ढाबा | ५५२५५ | श्रेष्ता साथ खर्च प्रयोजनको बिलमात्र संलग्न छ । सो खर्च के कार्यमा भएको भन्ने प्रमाण संलग्न नभएको । |
| ५८६।०८२।०२।१३ | होटल दीपा | ३२६०० | होटल दीपाले १६३० कप चिया आपूर्ति गरेको भनी पेश गरेको निवेदनको आधारमा भुक्तानी भएको । |
| ६०८।०८२।०२।३० | लक्की स्टेशनरी | ५२१८० | लक्की स्टेशनरीले पालिकालाई बदाम जुस र रेडबुल आपूर्ति भनी भुक्ती गरेकोमा श्रेष्ता साथ कुनै प्रमाण संलग्न छैन |
| ५९७।०८२।०२।२९ | वेलकम होटल | ३३९०० | वेलकम होटलले पेश गरेको बिजक अनुसार भुक्तानी भएको छ तर सो भुक्तानी के कुन कार्यक्रम वापत भएको भन्ने खर्च पुष्टि गर्ने प्रमाण संलग्न छैन |
| ५९०।०८२।०२।१९ | टाईम्स ब्रोकास्टिङ | १९२१०० | पालिकाले सार्वजनिक सूनुवाई गरेको भनी टाईम्स ब्रोकास्टिङलाई भुक्तानी गरेकोमा सो सम्बन्धमा खर्च पुष्टि गर्ने कुनै प्रमाण संलग्न नभएको । |
| ८०३।०८२।०३।२५ | जनकपुर फुडल्याण्ड प्रा लि | १३२००० | श्रेष्ता साथ खर्च प्रयोजनको बिलमात्र संलग्न छ । सो खर्च के कार्यमा भएको भन्ने प्रमाण संलग्न नभएको । |

३६

**फरक शीर्षक** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम ३८ (२) क अनुसार स्वीकृत बजेटबाट खर्च गर्ने सम्बन्धमा स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकबाट मात्र खर्च गर्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले तयार गरेको आर्थिक संकेत बर्गीकरण तथा व्याख्या, २०७४ ले निर्देशन गरेको ढाँचा अनुसार खर्च लेख्नुपर्ने व्यवस्था छ ।स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । पालिकाले देहायको खर्च शीर्षक फरक पारि खर्च लेखेकोले ऐन कानुनमा भएको व्यवस्था विपरित शीर्षक फरक पारि लेखेको नियमसम्मत नभएको रु.

| भौचरनं/ मिति | भुक्तानीपाउने | भुक्तानीरकम | हुनुपर्ने शीर्षक | भएकोशीर्षक |
|---|---|---|---|---|
| २६०।०८१।०९।१६ | जानकी मोटर वर्कसप | ९७८०१ | सवारी साधनमर्मत | कार्यालयसामाग्री मसलन्द |
| | एम ए डब्लुअर्थमुभर्स | २०८२४४ | सवारी साधनमर्मत | कार्यालयसामाग्री मसलन्द |
| ५१०।०८२।०१।१४ | एकता युथपावर | ६०००० | आर्थिकसहायता | विविध खर्च |
| जम्मा रकम रु. | | ३६६०४५ | | |

| | |
|---|---|
| अनियमित भएको | ३,६६,०४५ |

३७ **विज्ञापन बोर्ड** - विज्ञापन (नियमन गर्ने) नियमावली २०७७ (पहिलो संशोधन समेत) को नियम ६ (क) को उपनियम २ मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चारमाध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६ (क) को उपनियम ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ। तर पालिकाले उक्त व्यवस्थाको परिपालना गरेको देखिएन।पालिकाले बिभिन्न सूचना तथा विज्ञापन प्रकाशन वापत पत्रपत्रिकालाई भुक्तानी गरेको मध्ये नमुना छनौटको रुपमा परीक्षण गर्दा देहाय अनुसारको रकम भुक्तानी गरेकोमा उक्त नियमानुसारको ३ प्रतिशतले हुने रकम कट्टा गरेको देखिएन । ऐन तथा नियमावली अनुसार ३ प्रतिशतले हुने रकम कट्टा गरी बिज्ञापन बोर्डको कार्यालयमा पठाउनु पर्ने देखिएको ।

**केहि उदाहरण निम्नानुसार रहेका छन्**

| भौचरनं / मिति | भुक्तानीपाउने | स्था.लेनं | भुक्तानीरकम | खर्चको प्रयोजन |
|---|---|---|---|---|
| २४४।०८१।०९।०४ | द पब्लिकटु डे | ६०६६१०७७९ | २०५००० | invitation of Bid |
| १९४।०८१।०८।१४ | पालिका खोज | १३०५९६८८० | ८०००० | विभिन्नसूचना प्रकाशन |
| १९३।०८१।०८।१४ | आदर्शजनकपुर मिडिया प्रा लि | ६०९७२७६१४ | १४७७२१ | invitation of Bid |
| | जनक दरवारमिडिया प्रा लि | ६१७६७६५६२ | ६८९५० | invitation of Bid |
| ३२३।०८१।१०।०६ | जनक दरवारमिडिया प्रा लि | ६१७६७६५६२ | ८०००० | बोलपत्रसम्बन्धि सूचना प्रकाशन |
| ३१२।०८१।१०।०४ | मातामिडिया प्रा लि | ६२१२७३१९३ | ९९००० | सूचनाप्रकाशन |
| ३४०।०८१।१०।१८ | पालिका खोज | १३०५९६८८० | ७३८७५ | सूचनाप्रकाशन |
| २६७।०८१।०९।१९ | डेलीएक्सप्रेस दैनिक | ३०४५३६३८६ | १०५००० | invitation of Bid |
| ४२७।०८१।११।२३ | मातामिडिया प्रा लि | ६२१२७३१९३ | ९५००० | डेंगु रोगनियन्त्रण सम्बन्धी सूचना प्रशारण |

३८ **ईन्धन खर्च विष्लेषण -** प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७७ को दफा १७ अनुसुची ४ र मधेश प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ बमोजिम पदाधिकारी, कर्मचारी र मधेश प्रदेश सरकार द्वारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सेवा सुविधालाइ ब्यवस्थित गर्न बनेको ऐन को दफा ४ र अनुसूची बमोजिम पदाधिकारीले कार्यालय प्रयोजनको लागि मापदण्ड बमोजिम ईन्धन खर्च गर्नुपर्ने व्यवस्था छ। सवारीको प्रयोग, ईन्धन तथा अन्य उपभोग्य वस्तुको खपत र सोको नियन्त्रण गर्न मलेप फारम ९०५ अनुसार सवारी साधन मेसिन प्रयोगको लगवुक राखे व्यवस्था छ। पालिकाले व्यवस्थित तरिकाले लगवुक राखेको देखिदैन। पालिकासँग भएका चारपाङ्ग्रे तथा दुई पाङ्ग्रे सवारी साधनमा १२ महिनामा उल्लेखित सुविधा तथा नम्स अनुसार रु.१४ लाख २३ हजार ३८० हुनुपर्ने देखिन्छ। पालिकाले इन्धन कार्यालय प्रयोजनमा रु.१७ लाख १० हजार ८३७ र इन्धन अन्य प्रयोजनमा रु.२९ लाख ९९ हजार २२० गरी जम्मा रकम रु.४७ लाख १० हजार ०५७ खर्च लेखेको छ ।२०८१ श्रावण देखी २०८२ अषाढ सम्म नेपाल आयल निगमबाट प्रकाशित मूल्य सूचिलाई आधार लिई औषत दरको आधारमा विष्लेशण गर्दा पालिकामा १४ लाख २३ हजार ३८० खर्च हुनुपर्ने देखिन्छ। लेखापरीक्षणको क्रममा पालिकाबाट संचालित उपकरणहरु जस्तै, डोजर, एम्बुलेन्स लगाएतका सवारी साधनमा समेत खर्च भएको भनि पालिकाको भनाई रहेतापनि पालिकालाई कानुनले तोकेको नम्स भन्दा रु.३२८६६७७ बढी खर्च लेखेको देखिन्छ । यस सम्बन्धमा पालिकाले इन्धनको खर्च पुष्टि हुने अभिलेख राखी मितव्ययी तरवबाट इन्धन खर्च हुनुपर्छ ।

**इन्धन खर्चको विश्लेषण**

| | | | | |
|---|---|---|---|---|
| कार्यालयप्रयोजन | डिजेल१०० लि<br>पेट्रोल ७५ लि | २१०० | १५७ | ३२९७०० |
| नगरप्रमुख ले पाउने सुविधा | १२५ लि | १५०० | १५७ | २३५५०० |
| नगरउप प्रमूखले पाउने सुविधा | १२५ लि | १५०० | १५७ | २३५५०० |
| वडाअध्क्षले पाउने | ३० लि | ३२४० | १५७ | ५०८६८० |
| JCB मा खपत भएको इन्धन | विवरण प्राप्त नभएको | | | |
| ट्याक्टरमा खपत भएको इन्धन | विवरण प्राप्त नभएको | | | |
| एम्बुलेन्समा खपत भएको इन्धन | विवरण प्राप्त नभएको | | | |
| मोविलतथा अन्य | प्रति ४महिनामा १० लि | ६० | | ६०००० |
| मोविलतथा अन्य | प्रति ४महिनामा २ लि | ५४ | | ५४००० |
| जम्माहुनुपर्ने रकम | | | | १४२३३८० |
| सुत्र अनुसारको खर्च | | | | ४७१००५७ |
| **नम्स विपरीतको खर्च रु.** | | | | ३२८६६७७ |

३९ **लागत अनुमान** - सार्वजनिक खरिद नियमावली २०५० को नियम ११ मा कुनैपनि सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा मालसमानको स्पेशिफिकेशनको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायका भौचरहरुबाट कार्यालय प्रयोजनको लागि खरिद गरी रु.५३८०६३ भुक्तानी दिएको छ । पालिकाले मालसमानको लागत अनुमान तयार गर्दा स्पेसिफिकेश तयार नगरि खरिद गरेको देखिएकोले खरिद नियम कानुनले तोकेको मापडण्ड/ प्रकृयाको पालना गरी खरिद गर्नुपर्दछ ।

**यस दफा सँग सम्बन्धित उदाहरण देहायबमोजिम छन्**

| भौचरनं/ मिति | भुक्तानीपाउने | भुक्तानीरकम | कैफियत |
|---|---|---|---|
| २४२। ०८१।०९। ०३ | मिथिला अटोवर्कस | १२५२९४ | पालिकाले सवारी साधन नं प्र २-०२००१-झ-००५४ को मर्मत संहार गर्दानियमानुसार कार्यालय प्रमुखबाट लागत अनुमान स्वीकृत नगरी खर्च लेखेको । |
| ३०६। ०८१।१०। ०२ | मिथिला अटोवर्कस | ७३१६० | |
| ३६०। ०८१।१०। ३० | सौरभ अटोइन्टरप्राईजेज | १५७६०७ | पालिकाले ट्याक्टर मर्मत गर्दा नियमानुसार लागत अनुमान नगरी खर्चलेखेको । |
| ७७५। ०८२।०३। २४ | पाथीभराजेनरल सप्लायर्स | ९१२००० | पालिकाले स्नीटरी प्याड डिस्पोज गर्ने मेसीन खरिदि गरी वितरणगर्दा लागत अनुमान स्वीकृत नगरी खर्चगरेको देखिएको । |

४० **एजेन्सीको नाममा सवारी साधन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७८(१) मा कार्यालयले आफूले खरिद गरेको, निर्माण गरेको वा अन्य कुनै माध्ययमबाट प्राप्त गरेको चल अचल मालसमान तथा सम्पत्तिको लेखा त्यस्तो मालसमान तथा सम्पत्तिको खरिद मूल्यको आधारमा सम्पत्तिको आम्दानी बाँधि लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न मितिमा खरिद गरेका देहायकार सवारी साधन पालिकाको नाममा नामसारी नगरी मर्मत तथा बिमा तथा नविकरण खर्च समेत रु. ९२८५४९.७६ खर्च गरेको पाईयो । पालिकाले विभिन्न मितिमा खरिद गरेका त्यस्ता सरकारी सम्पत्तिको खरिद मूल्य खुल्ने प्रमाण सहित पालिकाको नाममा नामसारी सम्पत्तिमा अभिलेखिकरण गर्नुपर्दछ ।

| सवारी नं | स्पेसिफिकेशन | खरिद मूल्य | एजेन्सीको नाम | प्रयोग गर्ने कर्मचारी | प्रयोजन |
|---|---|---|---|---|---|
| | Yamaha SZ-RR 149CC | २२६८४९.७६ | | शसिभूषण झा-अमिन | कार्यालय |
| | Yamaha SZ-RR 149CC | २१९९०० | | राजिव झा-सू.प्र.अ | कार्यालय |
| | Bajaj Pulshar 150CC | २४०९०० | | तारा प्र.मण्डल- जि.प्रमुख | कार्यालय |
| | Bajaj Pulshar 150CC | २४०९०० | | कमल कुमार ठाकुर | कार्यालय |

४१ **दरबन्दी बेगर करार कर्मचारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। ती बाहेक अन्य पदमा प्रदेश लोकसेवा आयोगमा माग गरी स्थायी पदपूर्ति गर्नुपर्नेमा सो गरिएको देखिएन। पालिकाले उपलब्ध गराएको दरवन्दी विवरण अनुसार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरबन्दी बाहेकका अन्य पदहरुमा दरवन्दी स्वीकृत नगराई निम्नानुसारको पदमा करारमा नियुक्त गरी तलव भत्ता भुक्तानी गरेको देखिएकोले स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी नियुक्त गरी पारिश्रमिक भुक्तानी गर्दा पालिकालाई थप आर्थिक व्यभार परेको अवस्था देखिएकोले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी राखि पारिश्रमिक भुक्तानि गरिनु नियमसँगत नभएको रु.

| पद | दरबन्दी | पदपूर्ती | पारिश्रमिक (रु) | जम्मा भुक्तानी |
|---|---|---|---|---|
| सहायक कम्प्युटर अपरेटर | दरबन्दी भन्दा बढी | १७ | २८०००/३२९०२ | ६०७८९०४ |
| अमिन | नरहेको | १ | २८००० | ३६४००० |
| कार्यालय सहयोगि | दरबन्दी भन्दा बढी | ४ | १५००० | ७८०००० |
| जम्मा | | | | ७२२२९०४ |

| अनियमित भएको | ७२,२२,९०४ |
|---|---|

४२ **प्रमाण बेगर भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । साथै, ऐ. नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौचरहरुबाट रकम भुक्तानी गर्दा खर्च भएको रकम पुष्टि हुने प्रमाण संलग्न नगरी खर्च लेखेको देखिएकोले नियमानुसार खर्चलाई पुष्टि गर्ने प्रमाण तथा कागजात भौचरसाथ संलग्न गरी खर्च लेख्नुपर्दछ ।

| भौचरनं | भुक्तानीपाउने | भुक्तानीरकम | कैफियत |
|---|---|---|---|
| ९९। ०८१। ०७।१२ | गौतम होटलबर्दिबास | २८००० | भौचर साथ गौतम होटले पेश गरेको कर बिजक मात्र संलग्न भएको देखिछ तरउक्त खर्च के प्रयोजनको लागि भएको भन्ने खर्च पुष्टाईको कागजात पेश नभएको । |
| १५१। ०८१। ०८।१० | लक्कीस्टेशनरी | ५४१०० | लक्की स्टेशनरीले पालिकालाई बदाम जुस र रेडबुल आपूर्ति भनीभुक्ती गरेकोमा श्रेष्ता साथ कुनै प्रमाण संलग्न छैन |
| ३१८। ०८१। १०।०६ | होटल दीपा | ३८००० | होटल दीपाले १९०० कप चिया आपूर्ति गरेको भनी पेश गरेको निवेदनकोआधारमा भुक्तानी भएको । |
| ३३१। ०८१। १०।०७ | होटलबाबाको ढाबा | ५५२५५ | श्रेष्ता साथ खर्च प्रयोजनको बिलमात्र संलग्न छ । सो खर्च केकार्यमा भएको भन्ने प्रमाण संलग्न नभएको । |
| ५८६। ०८२। ०२।१३ | होटल दीपा | ३२६०० | होटल दीपाले १६३० कप चिया आपूर्ति गरेको भनी पेश गरेको निवेदनकोआधारमा भुक्तानी भएको । |
| ६०८। ०८२। ०२।३० | लक्कीस्टेशनरी | ५२१८० | लक्की स्टेशनरीले पालिकालाई बदाम जुस र रेडबुल आपूर्ति भनीभुक्ती गरेकोमा श्रेष्ता साथ कुनै प्रमाण संलग्न छैन |
| ५९७। ०८२। ०२।२९ | वेलकम होटल | ३३९०० | वेलकम होटलले पेश गरेको बिजक अनुसार भुक्तानी भएको छ तर सोभुक्तानी के कुन कार्यक्रम वापत भएको भन्ने खर्च पुष्टि गर्ने प्रमाण संलग्नछैन |
| ५९०। ०८२। ०२।१९ | टाईम्सब्रोकास्टिङ | १९२१०० | पालिकाले सार्वजनिक सूनुवाई गरेको भनी टाईम्स ब्रोकास्टिङलाई भुक्तानी गरेकोमा सोसम्बन्धमा खर्च पुष्टि गर्ने कुनै प्रमाण संलग्न नभएको । |
| ८०३। ०८२। ०३।२५ | जनकपुर फुडल्याण्ड प्रा लि | १३२००० | श्रेष्ता साथ खर्चप्रयोजनको बिलमात्र संलग्न छ । सो खर्च के कार्यमा भएको भन्ने प्रमाण संलग्ननभएको । |

४३ **कर समायोजन** - मुल्यअभिवृद्धि कर ऐन २०५२,को दफा १५ मा मुल्यअभिवृद्धि करमा दर्ता नभएको कुनै ब्यक्तिले कर असुल गरेको देखिने कुनै बिजक वा कागजात जारी गर्न र कर उठाउन नपाउने र उठाएमा त्यसरी उठाएको कर निर्धारण गरी जरिबाना समेत असुल उपर गरिने ब्यवस्था छ । पालिकाले देहायका फर्मलाई भुक्तानी गर्दा मूल्यअभिवृद्धि करमा दर्ता नभएको फर्मलाई तथा मू.अ.कर. नलाग्ने वस्तुमा समेत मू.अ.कर. भुक्तानी गरेको देखिएकोले नियमानुसारको मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| भौचरनं | भुक्तानीपाउने | भुक्तानीरकम | मू अकर रकम | कैफियत |
|---|---|---|---|---|
| ३४१। ०८१। १०। १८ | मुस्लिम विकास तथा कल्याण समिति | ४९४००० | ५७२३७ | VAT suspended as per IRD decision on 2082.02.09 (Non-filer since 2081/T/1) |
| ३६३। ०८१। १०। ३० | एमा जोन सप्लायर्स | ६९८३४० | ८०३४० | पालिकाले झिझिया नाचसमारोहमा ४१२ थान सूति साडी प्रतिथान१५०० मू अ कर बाहेकले खरिद गरी वितरण गरेकोमा आर्थिक ऐन २०८१ को अनुसूची १ मासूति साडीमा मू अ कर नलाग्ने व्यवस्था भएकोमा समेत मू अ कर भुक्तानी गरेको । |
| ४७६। ०८१। १२। ११ | माँ बौधि महारानी स मिल | ८००००० | ९२०३५ | फर्निधर उद्योगबाट दाउरा खरिद गरी वितरण गर्दा फर्निचरले प्रति के जी १० कादरले ८ हजार के जी खरिद गरी भुक्तानी दिएको । |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,२९,६१२ |

४४ **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८५ मा रू. १० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्या वा मालसामन सोझै खरिद गर्न सकिने तथा रू.२० लाखसम्म लागत अनुमान भएको माल सामान निर्माण तथा जुनसुकै सेवा सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले एकै प्रकृतिको निम्नानुसारका ११२ वटा निर्माण कार्यको लागि विभिन्न निर्माण व्यवसायीबाट सोझै खरिद गरी रु. ७ करोड ६० लाख २१ हजार खर्च गरेको छ । जुन पालिकाका पुँजीगत खर्च रु. १४ करोड ८६ लाखको ५१.४ प्रतिशत रहेको छ । सार्वजनिक ऐन, नियमावली अनुसार प्रतिस्पर्धा एवं पारदर्शिता हुनेगरी खरिद गर्नुपर्दछ । कोटेशनको प्रकृयाबाट खरिद गरिएको केही उदाहरण तपसिल बमोजिम उल्लेख गरिएको छ।

| मिति | योजनाको नाम | निर्माण व्यवसायी | वडा | लइ भ्याट बाहेक | सम्झौता भ्याट बाहेक | लागत अनुमानको तुलनामा घटी प्रतिशत | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १४-२०८१/ ०६/३१ | २ नम्बर वडा कार्यालयको कम्पाउ | श्रेय ट्रेडर्स ६०६३२१४६४ | २ | ७७३४२६ | ७६२६७१ | १.३९ | ७७५६९० |
| २४-२०८१/ ०७/०५ | सिलाकान्त झा को घर देखि महेशरा पोखरी सम्म र हर्दिया मेनरोड देखी वजय ठाकुरको घरसम्म बाटो स्तरोन्नती | पवन निमाण सेवा ३०५३७६२४० | ५ | ८६१२७७ | ८४३४१७ | २.०७ | ९९४४७९ |
| ३०-२०८१/ ०७/०५ | आधारभुत विद्यालय एकरहियाको अधुरो भवन निर्माण | सोने कन्स्ट्रक्सन ६१७२०११०४ | १ | ६८९४२३ | ६७८८७३ | १.५३ | ६९२४८० |
| ४२-२०८१/ ०७/११ | भोला मण्डलको घर देखि भिमा पैनी सम्म नाला निर्माण | राजिव कन्स्ट्रक्सन ११७५०१६४५ | ७ | ८५६९९१ | ८४३६०३ | १.५६ | ८२५२१५ |
| ४८-२०८१/ ०७/११ | वडा न १ को विभिन्न ठाउमा सोलार बत्ती जडान | मुन्ना कन्स्ट्रक्सन | १ | ६८३०९५ | ६६७२०० | २.३३ | ८२०५८८ |
| १२४-२०८२/०२/१४ | नि मा वि एकहरीयाको अधुरो भवन र पश्चिम पट्टिको अधुरो भवन निर्माण | कृष्णा कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ कन्सलटेन्सि ६२०३८४७४२ | १ | ४३०४१० | ४२३१९१ | १.६८ | ४२१५०० |
| १२८-२०८२/०२/२४ | तइफ राइनको घर देखि धोबियाही सम्म सड स्तरोन्नती | अलिसा कन्सट्रक्सन ६१२८८६५३७ | २ | ८६०९८९ | ८४५३९५ | १.८१ | ८४५१८७ |
| २१८-२०८२/०३/२१ | बिजूली बत्ती तथा पोल तार मर्मत वडा न ४ पिपरा | शर्मा कन्स्ट्रक्सन१२१७६६७५५ | ४ | ४३०९६९ | ४१४७५० | ३.७६ | ४१४७५० |
| | | | | ५५८६५८० | ५४७९१०० | | ५७८९८८९ |

४५

**सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) मा १० लाख सम्मको निर्माण कार्य सोझै खरिद गर्न सकिने र एक आर्थिक बर्षमा एकै पटक वा पटक गरी सो उप नियमहरुमा उल्लिखित सिमा भन्दा बढि रकमको एउटै ब्यक्ति फर्म कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने, रु.२० लाख सम्मको निर्माण कार्य गर्दा सिलवन्दी दरभाउपत्र र सो भन्दा वढीको खरिद गर्नु परेमा वोलपत्रको माध्यमवाट खरिद गर्नुपर्ने व्यवस्था छ। उल्लिखित व्यवस्थाको परीपालना नगरी पालिकाको लागि मसलन्द तथा कार्यालय समाग्री शीर्षकबाट टुक्रा-टुक्रा पारी फरक फरक मिति र आपूर्तिकर्ताबाट दररेट माग गरेर सोको दर विष्लेशण बिनानै भुक्तानी गरेको देखिएकोले सार्वजनिक खरिद कानुनको पालन गरी खरिद कार्यलाई व्यवस्थित र प्रतिशप्रर्धी बनाउनु पर्दछ ।

| भौचर नं | भुक्तानी रकम | भुक्तानी पाउने | कैफियत |
|---|---|---|---|
| ८४। ०८१। ०७। ०८ | ९९१९०० | खुसी जेनरल अडर सप्लायर्स | पालिकाले खुसी जेनरलअडर सप्लायर्सबाट पालिकाको लागि आवश्यक पर्ने सोफा कार्यालय सामाग्री खरिद गर्दसार्वजनिक खरिद नियमावली २०६३ को नियम ८५ बमोजिम दर बिश्लेषण बिना नै खरिद गरेको देखिन्छ । |

४६ **ल्याब टेस्ट** - नगरपालिकाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७० को नियम ३९ बमोजिम खर्चको बिल भरपाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ।BOQ / specification अनुसार तेश्रो पक्ष ( third party) / बाह्य ल्याबमा गरिने परीक्षण लाइ प्रोभिजनल सम मा राखी बील ( Invoice) र टेस्ट रिपोर्ट पेश गरेपछिमात्र PS रकम भुक्तानी हुन्छ। नगरपालिकाले देहाय बमोजिमको योजनाको ल्याब टेष्ट वापत रु १८५०० भुक्तानी गरेको पाइएको छ, तर उपभोक्ता समितिले उक्त ल्याब टेष्टको रिपोर्ट पेश गरेको गरेको भएतापनि के कति संख्यामा कुन कुन ल्याब टेस्ट कति दरको बील बापत भुक्तानी गरेको हो सो को बील पेश भएको छैन । ल्याब टेस्टको पूर्ण विवरण प्राप्त आइटम र दर उल्लेख गरी ब्रेकडाउन सहितको बीजक पेश गर्नुपर्ने रु.

| गोभौनं./ मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ०२-२०८१/०६/०९ | आशिष कन्सट्रक्सन ३०१८३०४५२ | वडा न ४ भोल्वी पोखरीको पूर्व पट्टी डिल हुदै राजमार्ग देखि अतराड जाने बाटो निर्माण कार्य | १२००० | ल्याब टेस्ट लाइ क्वान्टिटिमाआइटममा राखेर १२००० भुक्तानी दिएको तर ल्याब टेस्ट गरेको रिपोर्ट छ तर टेस्ट गरेको बील प्राप्त नभएकोले प्रमाण पेश गर्ने |
| ०४-२०८१/०६/०९ | दिपेन्द्र कन्स्ट्रक्सन ६०८९५४३४० | बेचन यादवको घर देखी राजमार्ग सम्म आर सी सी नाला निर्माण | ६५०० | ल्याब टेस्ट लाइ पी एस आइटममा राखेर ६५०० भुक्तानी दिएको तर ल्याब टेस्ट गरेको बील प्राप्त नभएकोले प्रमाण पेश गर्ने |
| जम्मा | | | १८५०० | |

| प्रमाण पेश नगरेको | १८,५०० |
|---|---|

४७ **ह्याण्डपम्प तथा बोरिङ जडान** - नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७३।११।१ मा स्वीकृत स्यालो ट्युवेल सिचाइ योजना कार्यान्वयन निर्देशिका तेश्रो संसोधनको भाग ३ बुँदा ९ मा प्रत्येक ट्युवेल योजनाभित्रका पुराना तथा नयाँ डिप ट्युवेल सम्बन्धी डाटा (स्वामित्व, निर्माण मिति, लगानी गर्ने वित्तिय संस्था, संचित क्षेत्र, स्थान समेत खुलाउने जि.पि.एस. तथा हाइड्रोलोजिकल डाटा संकलन गरी कार्यालयले अध्यावधिक गर्ने व्यवस्था छ ।पालिकाकाले यस आ.ब. मा के कति ह्याण्ड पाइप कुन कुन स्थानमा जडान र वितरण गरियो सोको विवरण राखेको छैन।लेखापरीक्षणका क्रममा पालिकाले यस वर्ष विभिन्न स्थानमा ६९ वटा ह्याण्डपम्म तथा वोरिड जडानवापत रु. ६१ लाख २७ हजारको लागत अनुमान तयार गरी ५९ लाख ५१ हजारको कार्य सम्पन्न मूल्याँकन संलग्न गरी रु. ५९ लाख ५१ हजार खर्च पाइयो । पालिकाले भूमिगत जलश्रोत सम्बन्धी कार्य गर्दा कुनै कार्यविधि तयार नगरी, विभिन्न मिति तथा गोश्वारा

भौचर बाट वडागत योजना बनाइ वडा अध्यक्षको सिफारिसमा ह्याण्डपम्प र बोरिङ जडान वापतको खर्च लेख्ने गरेकोमा वडा बाट सिफारिस भएका ब्यक्ति तथा संस्थाहरुलाइ ह्याणपाइप वितरण गरेको भरपाइ राखेको देखिएता पनि सिफारिस भएको सबै लाभग्राहीले ह्याण्ड पाइप बुझेको भरपाइ संलग्न नराखी अपुरो भरपाइ संलग्न गरी वितरण गरेको पाइयो। वडाको सिफारिस र भरपाइ हेर्दा विभिन्न व्यक्तिहरुको निजी जग्गामा जडान गरेको व्यहोरा सहित भरपाई समेत गराएको देखियो ।वितरण भरपाइ साथा पेस भएको फोटोमा एकै स्थानको बोरिङ्ग कार्यमा एक भन्दा बढी फोटो राखेको तथा मूल्याङ्कन अनुसार सबै स्थानको फोटो पेस नभएको पाइयो।पेश भएको फोटोमा जडान भएको स्थानको जी.पी.एस. कोअर्डिनेट समेत संलग्न नभएको पाइयो। सार्वजनिक निकायले विकास निर्माण तथा योजना संचालन गरी खर्च लेख्दा सार्वजनिक हित तथा बहुउपयोग हुनेगरी गर्नुपर्नेमा निजी जमिन भएका सिमित व्यक्तिहरुको स्वामित्व हुनेगरी लाभग्राही छनौटको आधार समेत समावेश नगरी वितरणमुखी कार्यक्रम गरेको देखियो । यसप्रकारको वितरणमुखी कार्यका लाभग्राही व्यक्तिहरुको विगत बर्षहरुमा भएको वितरणको लगत समेत नराखेको, लाभग्राही छनौटको आधार र विवरण तयार नगरी विभिन्न समयमा वडाहरुवाट पटकपटक वितरणमुखी निर्माण कार्य गर्दा एउटै व्यक्तिलाई दोहोरो नपरेको भनी सुनिश्चित हुने आधार समेत देखिँदैन। योजना छनौट र बजेट विनियोजन पूर्व अत्यधिक लाभग्राहीहरुलाई उपयोग हुने पद्धतिको योजनाहरु छनोट गर्नुपर्ने, बोरिङ तथा ह्याण्डपम्प जडान लगायतका कार्यहरु निर्माण गर्नुपर्ने नै भए सार्वजनिक जग्गा तथा जनहितमा उपयोग हुने गरी गर्नुपर्ने, खरिद आवश्यकता तथा औचित्यताको समेत पहिचान गरी मितव्ययी तवरबाट गर्नुपर्नेमा सीमित व्यक्तिहरुलाई लाभ हुने गरी वितरण गरेको देखियो। तसर्थ यस प्रकारको वितरणमुखी क्रियाकलापमा सार्वजनिक स्रोतसाधन प्रयोग गरेको नियमसम्मत देखिएन । बजेट व्यवस्थापन तथा कार्यान्वयनमा ध्यान दिनुपर्ने देखियो ।

| गो भौ न र मिति | योजनाको नाम | भुक्तानी पाउने | लागत अनुमान भ्याट बाहेक | कार्यसम्पन्न भ्याट बाहेक | कैफियत |
|---|---|---|---|---|---|
| १६-२०८१/०६/ १३ | कृषक हरुको लागि सिचाइको लागि बोरिङ जडान कार्य वडा न २ | आलम बिल्डर्स ६२०५८४४१० | ८६१४७० | ८५०८२० | ७ वटा बोरिङ जडान गरेको मा ५ वटा मात्र भरपाइ पेश भएको। प्रति बोरिङ १२१५४५। भरपाइ मा परिचय खुल्ने प्रमाण पत्रको कपी नभएको फोन न नभएको |
| ५०-२०८१/०७/ ११ | वडा न ७ मा ह्याण्ड पाइक खरिद तथा जडान कार्य | श्री कृष्ण कन्स्ट्रक्सन६१८६४६५०८ | ६०३४३६ | ५४७८७४ | ९ वटा जडान गरेको भुक्तानी भएकोमा भरपाइ नभएको |
| ६४-२०८१/१०/ ०८ | वडा न १ र २ मा खानेपानी जडान कार्य | शिव शंकर निर्माण सेवा ६०६०५००७२ | ८३७१४० | ७९९४१८ | १४ ह्याणंड पाइप जडान भएकोमा १० वटा मात्र भरपाइ देखिन्छ |
| ८४-२०८१/१२/ ०५ | सार्वजनिक स्थानहरुमा खानेपानीकालागि ह्याण्ड पाइप जडान कार्य | भारद्धाज कन्स्ट्रक्सन १२७८७४३३७ | ८३७६५० | ८३५३०५ | ५ वटा हयण्ड पाइप जडान गरेको भुक्तानी दिएकोमा जडान गरेको स्थान र भरपाइ नभएको |
| ८६-२०८१/१२/ ०५ | बिपन्न गरिव र दलित समुदायमा खानेपानीको लागि ह्याण्डपाइप खरिद गरी वितरण कार्य वडा न १ | | ४१८९२४ | ४१८३५२ | २२ वटा ह्याण्डपाइ सेट खरिद गरी वितरण गरेको |
| ८८-२०८१/१२/ ०५ | खानेपानीका लागि ह्याण्ड पम्प जडान तथा वितरण | आदित्य निर्माण सेवा ६१७४२८९३० | ८५०१४६ | ८३४१०५ | १० वटा ह्याण्ड पाइप खरिद तथा जडान गरी वितरण गरेको तर भरपाइ नभएको |
| २०१-२०८२/०३/२० | कृषक हरुको लागि सिचाइको लागि बोरिङ जडान कार्य वडा न ४ | पि के कन्सट्क्सन ६१३६६७१६८ | ८५७९८० | ८३२१०५ | ६ वटा वीरीङ सबैको भरपाइ छ |
| २५९-२०८२/०३/२३ | वडा अन्तर्गतका चापाकाल जडान कार्य वडा न ३ पिपरा गा पा | खुश्बु निर्माण सेवा ६०७८२४९५३ | ८६०६१२ | ८३३७०० | १२वटा जडान गरेको ४ वटाको भरपाइ नभएको फोटो एकै स्थान को दोहोरिएको |
| जम्मा | | | ६१२७३५८ | ५९५१६७९ | |

४८ **व्यक्तिलाई भुक्तानी** - अर्थ मन्त्रालयले जारी गरेको बजेट कार्यान्वयन मार्गदर्शन अनुसार सरकारी रकम भुक्तानी लेख्दा बैंक खाता मार्फत मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न कार्यक्रमको लागि भुक्तानी दिदा, विभिन्न सम्मान कार्यक्रम लगायतमा समाग्री खरिद गर्दा व्यक्तिले भुक्तानी लिई खर्च लेख्दा सम्बन्धित ब्यक्तिले बुझिलिएको भरपाई गराएर रु.१०७००६८ सांस्कृतिक कार्यक्रममा नाचगान प्रस्तुत गरेको, खानाखाजामा खर्च भएको जस्ता विवरणहरुमा खर्च लेखेको देखिन्छ। भरपाई मार्फत बजेट खर्च गर्दा पारदर्शिता नहुने तथा रकम दुरुपयोग हुन सक्ने सम्भावना भएकाले बजेट कार्यान्वयन मार्गदर्शनले तोकेअनुसार सम्बन्धितको बैंक खाता मार्फत मात्र सरकारी रकम भुक्तानी गर्ने ब्यवस्था हुनु पर्दछ।

**यस दफा सँग सम्न्धित केही उदाहरणहरु**

| भौचरनं | भुक्तानीपाउने | भुक्तानीरकम | बिजकजारी गर्ने | खर्चकोप्रयोजन |
|---|---|---|---|---|
| २७८। ०८१। ०९।२३ | बलिरामयादव | १५६९० | मनोकामना फास्टफुड एण्ड कर्नर पिपरा ५ | पालिकाको भवन ढलान कार्यमा भएको छत ढलान कार्यमा प्राविधिक शाखाकाकर्मचारी खटिएको खाजाखाना । |
| | | ६६७५ | मनोकामना फास्टफुड एण्ड कर्नर पिपरा ६ | पालिकाको भवन ढलान कार्यमा भएको छत ढलान कार्यमा प्राविधिक शाखाकाकर्मचारी खटिएको खाजाखाना । |
| २५१। ०८१। ०९।११ | बलिरामयादव | २४०००० | | पालिकाको १३ औं नगरसभामा उपस्थित जनप्रतिनिधिहरु तथाकर्मचारीहरुलाई बैठक भत्ता नगद भुक्तानी गरी गरी भरपाई गराएको । |
| २१४। ०८१। ०९।११ | हरिबोलमण्डल | ६४५२५ | शुभलक्ष्मी स्वीटस् पसल | वडा नं २ को खाजा खर्च वापत भुक्तानी गरेको देखिन्छ । |
| २८१। ०८१। ०९।२८ | रवि विक्रमसाह | २९१०० | शुभलक्ष्मी स्वीटस् पसल | जिल्ला प्रशासन कार्यालय सँगको नियमित अन्तरक्रिया बैठकमा भएकोखाजा चिया वापतको रकम शोधभर्ना |
| ४४७। ०८१। ११।२७ | ताराप्रसाद मण्डल | ३५०००० | विभिन्न | गाँउसभा संचालन खर्च |
| ५५१। ०८२। ०२।०४ | बलिरामयादव | १५००० | मनोकामना फास्टफुड एण्ड कर्नर पिपरा ६ | भोल्बी पोखरी सौन्दर्यकरण कार्यको लागि भएको खर्च |
| ७१७। ०८२। ०३।२० | श्रवणकुमार यादव | ६७००० | श्रवणकुमार यादव | शिक्षा समितिको बैठक भत्ता श्रवण कुमार यादवको नाममा भुक्तानीदिई भरपाई गराएको देखिन्छ । |
| ७१२। ०८२। ०३।२० | रवि विक्रमसाह | १७९०० | मनोज कुमारयादव | मर्मत खर्च भनी व्यक्तिले भुक्तानी लिएको देखिन्छ । |

४९ **आर्थिक सहायता** - पालिकाले कार्यविधि र मापडण्ड नबनाइ ५ हजार देखी २० हजार सम्म अध्यक्षको तोक आदेशमा यस वर्ष विभिन्न व्यक्तिहरुलाई रु.५५ हजार आर्थिक सहायता वितरण गरेको छ । यसरी सहायता वितरण गर्दा नगरपालिकाले वडाको सिफारिस र व्यक्तिहरुको निवेदनलाई मात्र आधारमा लिएको देखिन्छ । पालिकाले सहायता वितरण गर्दा व्यक्तिहरुको वास्तविक आर्थिक स्थिती मूल्यांकन गरी पालिकाको आन्तरिक आयलाई समेत मध्यनजर गरी सहायता वितरण लाई व्यवस्थित गर्न निश्चित मापदण्ड र कार्यबिधि तयार गरी सोहि बमोजिम बितरण गर्नुपर्दछ भनि गत विगतका वर्षहरुमा सुझाउदै आएकोमा सो व्यहोरा यो वर्षपनि यथास्थितिमै रहेकोले कार्यबिधि र मापदण्ड वेगर आर्थिक सहायता बितरण बितरण गर्नु उचित देखिएन ।

५० **वितरण भरपाई नभएको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ ।साथै, ऐ. नियमावलीको नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।पालिकाले देहायका फर्मबाट विभिन्न

सामान खरिद गरी वितरण गरेको भनी खर्च लेखेको छ । श्रेष्तासाथ खरिद गरि वितरण गरेको भरपाई संलग्न भएको नदेखिएकोले नियमानुसारको प्रमाण पेश गर्नुपर्ने देखिएको रु.

| भौचरनं | भुक्तानीपाउने | भुक्तानीरकम | कैफियत |
|---|---|---|---|
| ३६३। ०८१।१०। ३० | एमा जोन सप्लायर्स | ६९८३४० | ४१७ थान १५०० का दरले सूति साडी खरिद गरी बितरण झिझिया नाचकोअवसरमा पालिकाले साडी खरिद गरी वितरण गरेको देखिन्छ । |
| ७७१। ०८२।०३। २४ | श्रीअर्जुन ट्रेडर्स | ९७८८६२ | सामुदायिक विद्यालयमा पंखा खरिद गरी जडान |
| ७६९। ०८२।०३। २४ | लक्जरीकन्ट्रकस्न एण्ड सप्लायर्स | ४८८७०२ | खेलकुदा सामाग्री खरिद गरी वितरण |
| ७६६। ०८२।०३। २४ | ओम बहुउदियकृषि फर्म | ४९००२६ | तरकारीको बिउ खरिद गरी वितरण |
| ७५८। ०८२।०३। २४ | इको नेशनप्रा लि | २८१९५३ | भजनकृतनको सामाग्री खरिद गरी वितरण |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,३७,८८३ |

५१ **मेशिन प्रयोग गरी म्यानुअल भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । आर्थिक कर्यविधि तथा वितीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने ब्यवस्था छ । पालिकाले उद्देश्वर यादवको घर देखि सविंदर यादवको घरसम्म सडकको दुवै तिर नाला निर्माण कामको लागि भवन विभागको दर बिश्लेषण अनुसार सि. नं. B2 नम्स 2(25 क) को आधारमा दर बिश्लेषण गरी प्रति घ.मि रु. ६१५ का दरले भुक्तानी दिएको छ। तर फोटोमा खन्ने कार्यमा डोजर प्रयोग भएको देखिन्छ। सो काम सडक विभागको नम्स Spec. cl. No: 905, Norms No. 9.1.I.B (Road way excavation in all type of soil by mechanical means) प्रयोग गरी दर बिश्लेषण गर्दा प्रति घन मिटर रु. ८५ मात्र लाग्ने देखिन्छ। पालिकाले तपसिलमा उल्लेख भएको काम गर्दा मेशिन प्रयोग गरी म्यानुअल दर अनुसार भुक्तानी दिदा रु. २१७३० बढी भुक्तानी गएको छ। नर्म्स भन्दा बढी भुक्तानी भएको असुल हुनुपर्ने रु.

| भौ न | भुक्तानी पाउने | योजनाको नाम | कार्य | परिमाण | एकाइ | भुक्तानी दर प्रति घ मि | नर्म्स र जील्ला दररेट अनुसा हुनुपर्ने दर | वढी भुक्तानी दर | वढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| २०२-२०८२/०३/ २० | उद्वेश्वर यादवको घर देखि सविंदर यादवको घरसम्म सडकको दुवै तिर नाला निर्माण कार्य उ स पिपरा गाउपालिका | उद्वेश्वर यादवको घर देखि सविंदर यादवको घरसम्म सडकको दुवै तिर नाला निर्माण कार्य उ स | Earth filling by mechines cl no 905, 91IB | ४१ | cum | ६१५ | ८५.० | ५३०.० | २१७३० |
| | | | | | | | | असुल गर्नुपर्ने | २१,७३० |

५२ **जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले तपसिलमा उल्लेख भए बमोजिमको आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितको जटिल प्राविधिक दक्षता आवश्यक हुने भवन निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराएको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

| गोभौनं./ मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम पहिलो रनिङ | भुक्तानी दोश्रो रनिङ | लइ |
|---|---|---|---|---|---|
| ३१५-२०८२/०३/२५ | खैरबा मा वि अधुरो भवनको फिनिसिङ कार्य तथा पार्कीङ स्थल निर्माण कार्य उ स | खैरबा मा वि अधुरो भवनको फिनिसिङ कार्य तथा पार्कीङ स्थल निर्माण कार्य | ६९२४४३ | ११९७९१५ | २१७५१७९ |

५३ **अधुरा ठेक्काको कार्य स्वीकार** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७(११ शंसोधन) मा ९० प्रतिशत भौतिक प्रगति भएका निर्माण कार्यको ठेक्काको कार्य स्वीकार गर्न सकिने व्यवस्था छ । सो व्यवस्था अनुसार यस योजना/कार्यालयले तपसिल अनुसार ठेक्काको कार्य अधुरो रहेकै अवस्थामा कार्य स्वीकार गरेको छ । अधुरो कार्य पुरा गर्न पुन: कार्यक्रम तथा बजेट व्यवस्था गर्नुपर्ने भएकोले यस्तो कार्य वन्द गरी ठेक्का सम्झौतानुसारको काम पुरा भए पछिमात्र कार्य स्वीकार गर्नु पर्दछ ।

| सि.न. | भुक्तानी पाउने | काम | ल इ | भुक्तानी |
|---|---|---|---|---|
| ८२-२०८१/१२/०५ | | वडा न ५ सहोडवा अधुरो दास धर्मशालाको स्तरोन्नती | ६७७९५४ | ६७७७०७ |
| २४१-२०८२/०३/२३ | आलम निर्माण सेवा | बनौली अधुरो कृष्ण मन्दिरको भवन निर्माण कार्य | ८६१३५३ | ८३९५६२ |
| २४३-२०८२/०३/२३ | गायत्री ग्रूप्स प्रा लि ६२१२९४२५३ | वडा न १ खैराबा ब्रम्ह स्थानको स्तरउन्नती | ८६१३२९ | ८५२८४५ |
| ३०२-२०८२/०३/२५ | वडा न १ गम्हरियाको अधुरो पार्वती मन्दिर निर्माण | आदित्य एण्ड अनुराग कन्स्ट्रक्सन ६०९६३७०५८ | ८६१४६९ | ८५०९३४ |
| ३०४-२०८२/०३/२५ | गम्हरिया अधुरो हनुमान मन्दिर नर्माण | अनुराग कन्स्ट्रक्सन११२९७७१४६ | ६७७७३४ | ६७६०४८ |
| जम्मा | | | | ३८९७०९६ |

५४ **प्रमूख प्रशासकीय भवन निर्माण** - स्थानीय पूर्वाधार विभाग (डोली) पुल्चोकबाट ६० प्रतिशत र पिपरा गाउँपालिकाबाट ४० प्रतिशत लागत सहभागितामा लागत ब्यहोर्ने गरी पालिलकाले मिति ९८५२४२७१।७२ मू.अ. कर बाहेकको लागत अनुमान तयार गरी E-Bidding मार्फत ठेक्का आव्हान गरेकोमा एस.एम.टी. कन्स्ट्रक्सन ले (न्यूनतम रुपमा सारभुत प्रभावग्राही ) लागत अनुमानको १०.२४ न्यूनतम अर्थात रु. ८९७४८४८४.८ मू अ कर बाहेक कबोल गरेकोमा निज कन्स्ट्रक्सन लाइ मिति २०८०।०३।१० मा कार्यारम्भ र मति २०८२।०३।१० मा सम्पन्न गर्नुपर्ने गरी कार्यादेश भएकोमा हाल सम्म रु. ५ करोड ३५ लाख ७५ हजार खर्च (वीतिय प्रगती ५२.८२ प्रतिशत भौतिक प्रगती ८० प्रतिशत) भएको पालिकाको भनाइ रहेको छ।यस सम्बन्धमा देखिएको अन्य ब्यहोरा यस प्रकार छन:

**म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ ।पालिकाले जग्गा विवादको कारण समयमा निर्माण स्थल क्लियरेन्स गर्न नसक्दा एस.एम.टी. कन्स्ट्रक्सन लाइ निर्धारित समय भन्दा १० महिना ढिलो अर्थात मिति २०८१/०१/०९ मा निर्माण स्थल हस्तान्तरण भएको जनाइ मिति २०८२/ ०२ /०५ मा म्याद थपको लागि निवेदन दिएको छ र सोही अनुसार मिति २०८२ /०३/०९ मा २०८२ /०९/०६ सम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप भएको छ। आ.ब. २०८१/८२ सम्म तेश्रो रनिङ बिल सम्म मूल्याङ्कन भइ रु.५ करोड ३५ लाख ७५ हजार भुक्तानी भएको छ।थपिएको म्याद भित्र कार्य सम्पन्न गर्ने गरी कार्य गराइ समयमै कार्य सम्पन्न गर्ने तर्फ जोड दिनुपर्दछ।

५५ **डि.पी.आर** - सार्वजनिक खरिद नियमावली २०६४ अनुसार बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ । यस स्थानीय तहले यो बर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको रु.१९८०००० भुक्तानी गरी २ वटा डिपिआर कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको देखिन्छ ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गरी स्वीकृत बजेटको परिधी भित्र रहि सम्भव भए सम्म कार्यालयको प्राविधिक जनशक्ति बाट नै गराउनु पर्दछ । परामर्श सेवाको लागि लागत अनुमान तयार गरेकोमा सो को आधार उल्लेख भएको देखिएन । लागत अनुमानमा कार्यसम्पादन गर्न लाग्ने आवश्यक जनशक्ति निर्धारण सहितको स्वीकृत नर्म्स लेखापरीक्षणका बखत पेश भएन । तसर्थ लागत अनुमान यथार्थपरक नहुँदा र नबाउँदा खरिद कार्य मितव्ययी भएको छ भनी यकिन गर्न सकिएन ।सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ (७) मा ऐनको दफा ३८ बमोजिम सम्झौता गर्ने पामर्शदाताले सम्झौता गरेको ३० दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निशर्त भुक्तानी हुने पेशागत दायित्व बिमा (प्रोफेशनल लायविलिटी ईन्सुरेन्स) सेवासंग सम्बन्धित कार्यक्षेत्र अनुभवको प्रमाणपत्र समेत पेश गर्नुपर्ने ब्यवस्था गरेकोमा उक्त कागजात पेश गरेको देखिएन।पालिकाले विभिन्न

योजनाको परामर्श सेवा खरिद गर्दा पेशागत दायित्व बिमा तथा कार्यक्षेत्र अनुभव प्रमाण पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गरिनु पर्दछ ।साथै उक्त कार्य पालिकाको जनशक्ति बाट गराउन नसकिएको कारण समेत उल्लेख हुन सकेन त्यसैले कार्यान्वयनमा हुन सक्ने र प्राथमिकता प्राप्त योजनाहरुको पहिचान गरेर मात्र परार्मश सेवा लिने तथा डिपिआर तयार गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| भौचर नं | भुक्तानी पाउने | भुक्तानी रकम | विवरण |
|---|---|---|---|
| ५९। ०८१। ०६।२२ | डाईनामिक रिसोर्सेजम्यानेजमेन्ट सर्भिसिज प्रा लि | ९९०००० | Preparation of Masterplan and Detailed Project Report irrigation Project in Bighi River and pipra rural minicipality |
| ५४। ०८१। ०६।२२ | ड्याम कन्सलटेन्स प्रा लि | ९९०००० | Preparation of detailed project report of Aprabasi bazzar of pipra municipality |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : पिपरा गाउँपालिका, महोत्तरी , पिपरा गाउँपालिका , महोत्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सन्तोष कुमार मिश्र | २०८०-१२-१५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | शम्भु ठाकुर | २०८२-०१-०९ | २०८२-०३-३२ |
| लेखा प्रमुख | राम सागर यादव | २०८१-०४-०१ | |
| लेखा प्रमुख | लक्ष्मेश्वर ठाकुर | २०८१-७-१३ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १८,७४७,८९६ | ७,५८८,९४९ | १९,२६६,८०५.५ | ० | ० | १७,५२१,७५० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६३,१२५,४००.५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६३,१२५,४००.५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ६५७८५१३२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २९७६९८४०५.५३ | चालु खर्च | २८९१०११४४.३६ |
| प्रदेश सरकारबाट अनुदान | १३४२१०८७.१६ | पूँजीगत खर्च | १४८६७८९५३.७२ |
| राजश्व बाँडफाँट | ८९९३१६८४.८९ | वित्तीय/अन्य व्यवस्था | २१६६३७९५४.११ |
| आन्तरिक आय | २०२७३६२०.७४ | | |
| अन्य आय | २१३१३०८०१.१७ | | |
| कुल आय | ६३४४५५५९९.४९ | कुल खर्च | ६५४४१८०५२.१९ |
| बाँकी मौज्दात | | ४५८२२६७९.३ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वियन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।